जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ९६ • २०८३ साल भाद्र ८ गते सोमबार (24 August, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## गरिमा चौधरीका अभिभावकसंग सहमति

**टुडे समाचारदाता**

जनकपुरधाम।बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया बालिका गरिमा चौधरीमाथि भएको जघन्य अपराधको घटनाका सम्बन्धमा पीडित परिवारसंग सरकारले तीनबुँदे सहमति गरेको छ।

गृह मन्त्रालयमा भएको छलफलका क्रममा गृहमन्त्री सुधन गुरुङसहित सम्बन्धित मन्त्रालयका मन्त्रीहरू, पीडित बालिका गरिमा चौधरीका अभिभावक तथा सरकारका प्रतिनिधिबीच सहमति भएको छ। सहमतिअनुसार जघन्य आपराधिक घटनामा नागरिकको अपेक्षा अनुसार विद्यमान कानुनमा रहेको कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेश गर्ने निर्णय भएको छ। यसका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात सदस्यीय 'गरिमा न्याय संकल्प समिति' गठन गरिने छ।

त्यस्तै, पीडित परिवारको अपेक्षाअनुसार बालिका गरिमाको शालिक निर्माण गर्न पूर्वाधार विकास मन्त्रालयले स्थानीय तहसंगसमेत समन्वय गरी पहल गर्ने सहमति भएको छ। पीडित बालिकाको अभिभावकले आफ्नो रीतिरिवाज र संस्कारअनुसार अन्त्येष्टि कार्य गर्ने विषयमा पनि सहमति भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

सहमति पत्रमा नेपाल सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनील लम्साल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी तथा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले संयुक्तरुपमा हस्ताक्षर गरेका छन्।

पीडित परिवारका तर्फबाट गरिमा चौधरीका बुवा मनोजकुमार चौधरी र आमा मानमती चौधरीले सहमति पत्रमा हस्ताक्षर गरेका छन्।

### बालबालिका सुरक्षामाथि गम्भीर प्रश्न

## सौतेनी आमाबाट दुई वर्षीया बालिकाको हत्या, गरिमा हत्याले झस्किएको समाज

**टुडे समाचारदाता**

जनकपुरधाम। केही दिन अघि बारामा तीन वर्षीया बालिकालाई बलात्कारपछि हत्या गरी शव बेवारिसे अवस्थामा बरामद भएको थियो। सो घटना सार्वजनिक भएपछि बारामै दुई वर्षीया बालिका बेपत्ता भयो। तर प्रहरीको सक्रियतामा सकुशल फेलासमेत पऱ्यो। यसैबीच सप्तरीमा एक आमाले छोरीको ज्यान लिएको घटना सार्वजनिक भयो।

बालबालिका हराउने, बेपत्ता हुने र हत्या हुने घटनाको शृंखला सार्वजनिक भइरहेका बेला सप्तरीमा दुई वर्षीया बालिकाको हत्या भएको घटना सार्वजनिक भएको छ। शम्भुनाथ नगरपालिका-३ की दुई वर्षीया खुशी खातुन घरबाट हराएको करिब दुई घण्टापछि घर पछाडिको झाडीमा मृत भेटिएकी छन्। प्रहरीको प्रारम्भिक अनुसन्धानले आफ्नै सौतेनी आमाले बालिकाको हत्या गरेको देखाएको छ।

हत्याको आरोपमा प्रहरीले १९ वर्षीया मुस्कान खातुनलाई पक्राउ गरेको छ। उनी मृतक बालिकाका बुवाकी कान्छी पत्नी हुन्। सप्तरीका प्रहरी प्रमुख रूपक खड्काले घटनामा मुस्कानको संलग्नता देखिएको जानकारी दिए। बालिकाको शव पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल राखिएको छ।

सप्तरी प्रहरीले जनाए अनुसार बालिकाको शरीरमा बाहिरबाट देखिने घाउचोट छैन। प्रारम्भिक अनुसन्धानमा घटनामा एक जनाको मात्र संलग्नता देखिएको प्रहरीको भनाइ छ। यद्यपि हत्या कसरी भएको हो भन्ने विषय पोस्टमार्टम तथा थप अनुसन्धानबाट खुल्नेछ।

घटनाको पृष्ठभूमिमा पारिवारिक विवाद रहेको स्थानीयले बताएका छन्। मृतकका बुवा मोहम्मद इरफान वैदेशिक रोजगारीका लागि कतारमा छन्। उनकी जेठी पत्नी र दुई वर्षीया छोरी पुख्यौंली घरमा बस्दै आएका थिए भने कान्छी पत्नी मुस्कान सोही ठाउँनजिकै डेरा लिएर बस्दै आएकी थिइन्। शनिबार दुई पत्नीबीच सौता लाग्न आएको विषयमा विवाद भएको र सम्पत्तिको हकदार को हुने भन्ने विषयमा समेत मतभेद रहेको स्थानीय बताउँछन्।



बालिका हराएको सूचना पाएपछि प्रहरीले खोजतलास थालेको थियो। केही समयमै घर पछाडिको झाडीमा उनको शव फेला परेको छ। सो घटनापछि आक्रोशित स्थानीयले हत्याको विरोधमा आइतबार केही समय रुपनी बजार बन्द गराएका थिए। राजमार्गसमेत अवरुद्ध गरिएकोमा अहिले बजार र सडकको अवरोध हटाइएको प्रहरीले जनाएको छ।

यस घटनाले बाराको सिमरामा तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाको पीडा सेलाउन नपाउँदै सार्वजनिक भएको छ। साउन ३१ देखि हराएकी गरिमा भदौ २ गते मृत अवस्थामा फेला परेकी थिइन्। प्रहरी अनुसन्धानअनुसार उनलाई चकलेट दिएर फकाई घटनास्थलमा लगेर बलात्कारपछि हत्या गरिएको प्रारम्भिक निष्कर्ष छ।

गरिमा हत्याको घटनामा बाराको जितपुर सिमरा उपमहानगरपालिका-२ का १६ वर्षीय सुमन थापा र सिमरा-१ का २४ वर्षीय प्रोग्रेस चौधरी पक्राउ परेका छन्। बारा प्रहरीले जनाए अनुसार थापा घटनामा प्रयोग भएको म्याजिकका सहचालक हुन् भने चौधरी उक्त सवारी साधनका धनी हुन्। सो घटनामा प्रहरीको प्रारम्भिक अनुसन्धानमाथि समेत प्रश्न उठेपछि स्थानीयस्तरमा व्यापक विरोध प्रदर्शन भएको थियो। बालिका हराएको सूचना पाएपछि पनि प्रहरीले प्रभावकारी खोजतलास नगरेको आरोप लगाउँदै स्थानीयले प्रदर्शन गरेपछि इलाका प्रहरी कार्यालय सिमराका तत्कालीन डीएसपी दिलीप क्षेत्रीलाई हटाइएको थियो। उनको स्थानमा डीएसपी दयाकृष्ण भट्टलाई पठाइएको छ।

गरिमाको हत्यापछि न्यायको माग गर्दै बारासहित देशका विभिन्न स्थानमा विरोध प्रदर्शन चर्किएको थियो। लामो समय सडक अवरुद्ध भएपछि पीडित परिवार र सरकारबीच गृह मन्त्रालयमा भएको मन्त्रीस्तरीय छलफलमा सहमति जुटेको छ। सहमति अनुसार सिमरामा गरिमाको सालिक निर्माणका लागि पहल गर्ने तथा बालबालिकाको सुरक्षा र न्याय सुनिश्चित गर्न आवश्यक कानुन संशोधनबारे सुझावसहित प्रतिवेदन दिन 'गरिमा न्याय संकल्प समिति' गठन गर्ने सहमति भएको छ। सहमतिपछि अवरुद्ध सडक खुलेको र बालिकाको शवको दाहसंस्कार गरिएको थियो।

गरिमा घटनाको अनुसन्धान र त्यसपछि भएको आन्दोलनले बालबालिकाको सुरक्षा, प्रहरीको खोजतलास प्रणाली र अपराध अनुसन्धानको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको अवस्थामा सप्तरीको खुशी हत्याले अर्को चिन्ता थपेको छ। एउटै अवधिमा साना बालबालिका हराउने, मृत भेटिने तथा उनीहरूमाथि जघन्य अपराध हुने घटना सार्वजनिक हुनुले बालबालिकाको सुरक्षाका लागि परिवार, समुदाय, प्रहरी प्रशासन र राज्यका संयन्त्र थप संवेदनशील र जवाफदेही बन्नुपर्ने आवश्यकता रहेको मावनअधिकारकर्मी वीरेन्द्र कर्णले बताए।

## प्याजको भाउ प्रति किलो सय पार !

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा प्याजको मूल्य पछिल्लो एक वर्षको तुलनामा चर्को रूपमा बढेको छ। भारतबाट आयात हुने प्याजको मूल्य उतै बढेपछि त्यसको प्रत्यक्ष असर मधेशको बजारमा परेको बताइन्छ। अहिले मधेश प्रदेशको राजधानी जनकपुरधाममा समेत काठमाण्डु उपत्यकामा कायम खुद्रा मूल्यकै हाराहारीमा प्याज बिक्री हुन थालेको छ।



चाडपर्व नजिकिँदै जाँदा प्याजको मूल्य बढेपछि उपभोक्ता, होटल तथा खाजा व्यवसायी र सडकपेटीमा व्यापार गर्नेहरू थप मारमा परेका छन्। दैनिक उपभोग हुने अत्यावश्यक वस्तुको मूल्य बढ्दा सीमित आम्दानी भएका परिवारको भान्साको खर्चसमेत बढेको छ।

काठमाण्डुको नयाँ बानेश्वरमा चटपटे र पानीपुरी बेचेर गुजारा गर्दै आएकी पार्वती थापाले प्याज महँगिएपछि चटपटेमा यसको मात्रा घटाउन थालेको एक महिना भइसकेको बताएकी छन्। पहिले प्रतिकिलो करिब ७० रुपैयाँमा खरिद गर्दै आएको प्याज अहिले १ सय रुपैयाँसम्म पुगेपछि व्यापार धान्न कठिन भएको उनले गुनासो गरिन्।

त्यस्तै अवस्था जनकपुरधाममा साना खाजा पसल तथा सडकमा व्यापार गर्ने ठेलामा पनि प्याजको हाहाकार देखिन थालेको छ। चटपटे, पानीपुरी, समोसा तथा विभिन्न परिकारमा अनिवार्यजस्तै प्रयोग हुने प्याज महँगिएपछि व्यवसायीले मात्रा घटाउने वा अतिरिक्त लागत ग्राहकबाट असुल्ने अवस्था सिर्जना भएको छ।

जनकपुरधामका गृहिणीहरूका लागि पनि प्याजको मूल्यवृद्धि चिन्ताको विषय बनेको छ। दैनिक भान्सामा प्रयोग हुने प्याजको मूल्य बढेपछि कतिपय परिवारले यसको खपत घटाउन थालेका छन्। अचार तथा सामान्य तरकारीमा प्रयोग हुने प्याज कटौती गरेर मासुजस्ता परिकारमा मात्रै प्रयोग गर्ने अवस्था आएको उपभोक्ताको भनाइ छ।

स्थानीय थोक बजारमै मूल्य बढेपछि यसको असर मधेशका खुद्रा बजारमा देखिएको छ। काठमाण्डुमा प्याज प्रतिकिलो करिब १ सय रुपैयाँसम्म बिक्री भइरहेको बेला जनकपुरधामका बजारमा पनि सोही हाराहारीमा प्याज किन्नुपर्ने अवस्था आएको व्यवसायीहरू बताउँछन्। स्थानीय बजारमा ढुवानी, भाडा, श्रम तथा अन्य खर्च जोडिँदा खुद्रा मूल्य अझै बढ्न सक्ने व्यवसायीको भनाइ छ।

आलु-प्याज व्यवसायी संघका महासचिव प्रकाश गजुरेलले नेपाल प्याजका लागि करिब ९८ प्रतिशत भारतमा निर्भर भएको जानकारी दिए। भारतमै उत्पादन घट्नु, आपूर्ति कमजोर हुनु र चाडपर्वका कारण माग बढ्नुले नेपालमा प्याजको मूल्य बढेको उनले बताए।

भारतबाट नेपालसम्म प्याज ल्याउँदा ल्यान्डिङ कस्ट नै प्रतिकिलो करिब ७० रुपैयाँभन्दा बढी पर्न थालेको व्यवसायीको दाबी छ। भारतमा मूल्य थप बढेमा नेपालमा पनि त्यसको प्रत्यक्ष प्रभाव पर्ने उनीहरू बताउँछन्। यसले विशेषगरी सीमावर्ती मधेशप्रदेशका बजारलाई तत्काल प्रभावित गर्ने गरेको छ।

भारतमा पछिल्लो समय प्याजको खुद्रा मूल्यमा पनि तीव्र वृद्धि भएको भारतीय सञ्चारमाध्यमबाट सार्वजनिक भएका छन्। नयाँदिल्ली, मुम्बई र कोलकातालगायत ठूला सहरमा प्याजको मूल्य प्रतिकिलो ५० देखि ६० भारतीय रुपैयाँसम्म पुगेको बताइएको छ। भारी वर्षाका कारण ढुवानीमा अवरोध, नयाँ बाली बजारमा आउन ढिलाइ, पुरानो मौज्दात घट्नु तथा चाडपर्वको माग बढ्नु मूल्यवृद्धिका प्रमुख कारण मानिएका छन्।

भारत सरकारले बजारमा आपूर्ति सहज बनाउन आफ्नो बफर स्टकबाट प्याज खुद्रा बजारमा पठाउने तयारीसमेत गरेको बताइएको छ। तर भारतमै आपूर्ति र मूल्यको अवस्था अस्थिर रहे नेपालमा त्यसको असर तत्काल पर्न सक्ने व्यवसायीको भनाइ छ।

उपभोक्ता अधिकारकर्मीहरूले भने चाडपर्वको मुखमा व्यापारीले कृत्रिम अभाव सिर्जना गरी मूल्य बढाउने गरेको आरोप लगाएका छन्। उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिनाले छोटो समयमै प्याजको मूल्य ४० प्रतिशत बढ्नु सामान्य नभएको भन्दै बजार अनुगमन र नियमन प्रभावकारी बनाउन सरकारसँग माग गरेका छन्।

नेपालमा प्याज उत्पादन नगन्य हुने भएकाले भारतमाथिको अत्यधिक निर्भरता मूल्यवृद्धिको मुख्य कारण बनेको छ। काठमाण्डुको कालीमाटी बजारमै पछिल्लो समय भारतबाट मात्र सुकेको प्याज भित्रिरहेको छ। एक दिनमै ठूलो परिमाणमा प्याज आयात भइरहे पनि बजारमा मूल्य निरन्तर बढ्नुले आपूर्ति शृंखला र बजार व्यवस्थापनमाथि प्रश्न उठाएको छ।


चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा मात्रै नेपालले भारतबाट १ करोड ७५ लाख १८ हजार ५६९ किलो प्याज आयात गरेको छ। यसको कुल आयात मूल्य ७१ करोड ८३ लाख ७ हजार रुपैयाँ बराबर छ। सोही आयातबाट सरकारले ६ करोड ४६ लाख ७० हजार रुपैयाँ भन्सार राजस्व संकलन गरेको छ।

चाडपर्व नजिकिँदै गर्दा प्याजको मूल्य अझै बढ्ने व्यवसायीको अनुमान छ। थोकमै प्रतिकिलो १ सय रुपैयाँ नाघे खुद्रा मूल्य थप महँगिने निश्चितजस्तै देखिन्छ। त्यसको सबैभन्दा ठूलो असर सीमित आम्दानी भएका मधेशका परिवार, साना होटल तथा खाजा व्यवसाय र सडकपेटीका व्यापारीमा पर्ने देखिन्छ।

जनकपुरधामसहित मधेशका बजारमा अहिले काठमाण्डुकै हाराहारीमा प्याजको मूल्य पुग्नुले बजारबीचको मूल्य अन्तरसमेत घट्दै गएको देखाउँछ। भारतमा आपूर्ति सहज नभए र सरकारले प्रभावकारी बजार अनुगमन गर्न नसके आगामी चाडपर्वमा उपभोक्ताको भान्सा अझ महँगिने जोखिम बढ्नु चिन्ताजनक अवस्था रहेको होटेल व्यवसायी किसन मण्डल बताउँछन्।

स्थानीय बजारमा तरकारीसहित प्याजको भाउ चर्को रुपमा बढ्दासमेत सरोकारवालाले सुपथ दाम र गुणस्तरीयताको नापतौल र मूल्यको अनुगमन नगर्दा बाध्य भएर उपभोक्ताले महँगो प्याज नै उपभोग गर्न बाध्य रहेको उनी बताउँछन्।

प्याजको मूल्य जनकपुरधाममा किलोको एक सय रुपैयाँ सम्ममा बिक्री वितरण हुने गरेको छ।

# २६ फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकता दिँदै रौतहट प्रहरीले विभिन्न मुद्दामा दोषी ठहर भएर फरार रहेका २६ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहट र मातहतका प्रहरी इकाइबाट परिचालित टोलीले शुक्रबार जिल्लाका विभिन्न स्थानमा खोजी अभियान सञ्चालन गरी उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेकाहरूलाई फैसला कार्यान्वयनका लागि रौतहट जिल्ला अदालत, गौरमा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमका अनुसार पक्राउ पर्नेमा जालसाजी मुद्दाका ७ जना, चेक अनादरका १६ जना तथा कुटपिट-अंगभंग र विद्युतीय अपराध मुद्दाका एक-एक जना छन् ।

जालसाजी मुद्दामा पक्राउ परेकाबाट जनही ३ हजार रुपैयाँ जरिवाना असुल गर्न अदालतले फैसला गरेको थियो। त्यस्तै, चेक अनादर मुद्दाका प्रतिवादीबाट ५ सयदेखि १ हजार ५ सय रुपैयाँसम्म जरिवाना असुल गर्न बाँकी थियो ।

कुटपिट तथा अंगभंग मुद्दाका एक प्रतिवादीलाई ४ दिन कैद र ५ हजार रुपैयाँ जरिवाना तथा विद्युतीय अपराध मुद्दाका अर्का प्रतिवादीलाई २ वर्ष ११ महिना कैद र १० हजार रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ ।

प्रहरीको तथ्यांक अनुसार पक्राउ परेका २६ जनाबाट कुल २ वर्ष ११ महिना ४ दिन कैद र ५० हजार ३०० रुपैयाँ जरिवाना असुल गर्न बाँकी रहेको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी बसन्त गौतमले अदालतबाट फैसला भएका तर कार्यान्वयन हुन बाँकी रहेका मुद्दाका प्रतिवादीलाई पक्राउ गर्ने अभियानलाई निरन्तरता दिइने बताए ।

फरार प्रतिवादी पक्राउ गरी अदालतमा बुझाएसँगै फैसला कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुगेको प्रहरीले जनाएको छ ।

# मधेशका झण्डै २९ प्रतिशत अपाँग बालबालिका विद्यालय बाहिर

**टुडे समाचारदाता**

जनकपुरधाम । अपांगता भएका बालबालिकाहरुको विद्यालय पहुँच मधेश प्रदेशमा निकै कमजोर देखिएको छ ।




नेत्रहीन युवा संघद्वारा आयोजित कार्यक्रममा प्रस्तुत एक तथ्यांक अनुसार मधेशमा २८ दशमलव ८५ प्रतिशत अपांगता भएका बालबालिका कहिल्यै विद्यालय नगएको पाइएको छ । प्रदेशगत रूपमा यो अवस्था गम्भीर देखिएको छ ।

तथ्यांकअनुसार मधेश प्रदेशमा अपाङ्गता भएका बालबालिकामध्ये ६५ दशमलव ०५ प्रतिशत मात्रै हाल विद्यालयमा अध्ययनरत छन् । यसले ठूलो संख्यामा बालबालिका शिक्षाको नियमित पहुँचबाट बाहिर रहेको देखाउँछ ।

राष्ट्रिय तथ्यांक अनुसार ० देखि १७ वर्ष उमेर समूहका बालबालिकामध्ये १ दशमलव २५ प्रतिशतमा अपांगता पहिचान भएको छ। अपाङ्गता भएका बालबालिकामध्ये देशभर ७५ दशमलव ९१ प्रतिशत हाल विद्यालयमा अध्ययनरत छन् ।

तर, १६ दशमलव ५५ प्रतिशतले कहिल्यै विद्यालय टेकेका छैनन् भने ७ दशमलव ६५ प्रतिशत विद्यालय गए पनि हाल अध्ययनरत छैनन् । प्रदेशगत तुलना गर्दा कर्णालीमा अपांगता भएका बालबालिकाको विद्यालय सहभागिता ८४ दशमलव ०५ प्रतिशत रहेको छ । यसको तुलनामा मधेशको ६५ दशमलव ०५ प्रतिशत सहभागिता निकै कम हो ।

अपांगता भएका बालबालिका विद्यालयबाहिर रहनुमा विद्यालयसम्मको पहुँचको कमी, भौगोलिक कठिनाइ, अपाङ्गतामैत्री पूर्वाधारको अभाव, आवश्यक सहायक सामग्री नहुनु, परिवारको आर्थिक अवस्था र सामाजिक दृष्टिकोण लगायतका कारण देखिएका छन् ।

विशेष आवश्यकता भएका बालबालिकाका लागि विद्यालयमा आवश्यक सहयोग र पहुँचयुक्त संरचना नहुँदा भर्ना भएका बालबालिकासमेत बीचमै पढाइ छाड्ने जोखिम रहेको अध्ययनले देखाएको छ ।

त्यसैले मधेशमा अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्ना गराउनेसँगै निरन्तर अध्ययनका लागि आवश्यक वातावरण निर्माण गर्नु चुनौतीपूर्ण देखिएको छ ।

लैङ्गिक तथ्यांक अनुसार कुल अपांगता भएका जनसंख्यामध्ये ५४ दशमलव २५ प्रतिशत पुरुष र ४५ दशमलव ८५ प्रतिशत महिला रहेका छन् । त्यस्तै, ग्रामीण क्षेत्रमा अपाङ्गताको दर २ दशमलव ६५ प्रतिशत र सहरी क्षेत्रमा २ दशमलव ०५ प्रतिशत रहेको छ ।

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । अपांगता भएका नागरिकका लागि समेत शिक्षामा विशेष अधिकार सुनिश्चित गरिएको भए पनि मधेशमा अपांगता भएका बालबालिकाको विद्यालय पहुँचसम्बन्धी तथ्यांकले कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखाउँछ ।

## आफ्नै छोरीको बलात्कार आरोपमा बुवा पक्राउ



**टुडे समाचारदाता**

चितवन । आफ्नै १९ वर्षीया छोरीलाई बलात्कार गरेको अभियोगमा चितवनको भरतपुरबाट एक ४५ वर्षीय बुवालाई प्रहरीले पक्राउ गरेका छन् । छोरीलाई विभिन्न धम्की दिएर जबरजस्ती करणी गरेको उनले प्रहरीसमक्ष स्वीकारसमेत गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका निमित्त सूचना अधिकारी इन्स्पेक्टर मनिष श्रेष्ठका अनुसार पीडित युवती आफैं न्यायको माग गर्दै प्रहरी कार्यालयमा उपस्थित भई बाबुविरुद्ध जबरजस्ती करणीको जाहेरी दरखास्त दिएकी थिइन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट ती पुरुषकी श्रीमती र छोरा वैदेशिक रोजगारीका रूपमा जापानमा रहेको खुल्न आएको छ । उनी पनि हालै मात्र जापानबाट नेपाल आएका थिए । नेपालमा रहेकी छोरीको स्वास्थ्यमा समस्या देखिएपछि उपचार गराउन भन्दै उनी ८ महिनाअघि नेपाल फर्किएको र केही समयपछि पुनः जापान फर्कने तयारीमा रहेको बयानका क्रममा खुलाएका छन् ।

घरमा बाबु र छोरी मात्रै बस्दै आएको मौका छोपी गएको साउन २८ गते राति मदिरा सेवन गरेका ती पुरुषले डरधम्की देखाएर छोरीमाथि नै जघन्य अपराध गरेको किशोरीले दर्ता गराएको निवेदनमा उल्लेख छ ।

घटनाको गम्भीरतालाई मध्यनजर गर्दै प्रहरीले भदौ ४ गते नै आरोपित बाबुलाई नियन्त्रणमा लिइसकेको छ । अहिले जिल्ला अदालतबाट म्याद थप अनुमति लिई यस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# खोलामा डुबेर एक व्यक्तिको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको विन्दवासिनी गाउँपालिका-२ स्थित ढोँगही खोलामा डुबेर एक व्यक्तिको मृत्यु भएको छ ।

भैँसी चराउन गएका बहुदरमाई नगरपालिका-१ निवासी अन्दाजी ६० वर्षीय ब्रह्मदेव राउत अहिरको खोलामा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । स्थानीयवासीले राउत खोलामा बेपत्ता भएको सूचना दिएपछि सुरक्षा निकायले खोजी शुरु गरेका थिए । सशस्त्र प्रहरीको सुरक्षा बेस पोखरियाबाट सशस्त्र प्रहरी नायब उपरीक्षक सञ्जय रेग्मीको कमान्डमा विपद् व्यवस्थापन टोली तथा इलाका प्रहरी कार्यालय पोखरियाबाट प्रहरी निरीक्षक प्रदीप पौडेलको कमान्डमा प्रहरी टोली परिचालन गरिएको थियो । खोजीका क्रममा सशस्त्र प्रहरीको टोलीले राउतलाई खोलामा डुबेको अवस्थामा मृत फेला पारेको हो । शव फेला परेपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी परीक्षणका लागि नारायणी अस्पताल पठाइएको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण पर्साले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# होस्टलमा युवक हत्या आरोपमा तीनजना पक्राउ




**टुडे समाचारदाता**

काठमाण्डू । काठमाण्डूको शंखमुलस्थित भ्याली होस्टलमा युवक हत्या प्रकरणमा पक्राउ परेका तीन जनालाई प्रहरीले सार्वजनिक गरेको छ।

दाङ घर भएका २२ वर्षीय वसन्त कालाथोकीको हत्यामा संलग्न भएको आरोपमा पक्राउ परेका तीन जनालाई जिल्ला प्रहरी परिसर काठमाडौंले आइतबार सार्वजनिक गरेको हो ।

५ भदौको बिहान १० बजेतिर कालाथोकीमाथि चक्कु प्रहार भएको थियो । उपचारका लागि सिभिल अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। कालाथोकी हत्या प्रकरणमा प्रहरीले बाराको कलैया-३ का १९ वर्षीय शेखर यादव १९ वर्षकै प्रमित पटेललाई पक्राउ गरेको थियो । उनीहरु पनि उक्त होस्टलमा बस्ने व्यक्ति हुन् ।

त्यसैगरी होस्टल सञ्चालक २३ वर्षीय आलोक ठाकुरलाई पनि पक्राउ गरिएको परिसरका एसपी दानबहादुर थापाले बताए । पक्राउ परेकाहरुविरुद्ध काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

# डा. यादवविरुद्ध केन्द्रले कारवाही अघि बढायो

**टुडे समाचारदाता**

लहान । सिरहाको सुखीपुर नगरपालिकास्थित आधारभूत नगर अस्पतालका कार्यालय प्रमुख डा. लुस्युनकुमार यादवले साउन महिनाको हाजिरी एकैपटक गरेको विषयमा राष्ट्रिय सतर्कता केन्द्रले कारवाही प्रक्रिया अघि बढाएको छ ।




केन्द्रले घटनाबारे छानबिन गरी आवश्यक कारबाही गर्न सुखीपुर नगरपालिकालाई पत्राचार गरेको जनाएको छ । राष्ट्रिय सतर्कता केन्द्रका अनुसार घटनाबारे साउन महिनामै सुखीपुर नगरपालिकालाई पत्राचार गरी विषयमा विस्तृत रूपमा बुझ्न तथा आवश्यक राय-सुझावसहित जवाफ पठाउन भनेको थियो ।

नगरपालिकाबाट प्राप्त जवाफ अध्ययन गरेपछि केन्द्रले भदौ ३ गते आवश्यक कारबाहीका लागि पुनः नगरपालिकालाई पत्राचार गरेको जनाएको छ । केन्द्रका एक अधिकारीले पत्र हुलाकमार्फत पठाइएकाले नगरपालिकामा पुग्न केही समय लागेको हुन सक्ने बताए ।

उनका अनुसार साउनमै घटनाबारे नगरपालिकालाई बुझेर जवाफ पठाउन भनिएको थियो। नगरपालिकाबाट जवाफ प्राप्त भएपछि भदौ ३ गते आवश्यक कारबाहीका लागि पुनः पत्राचार गरिएको हो ।

उता, सुखीपुर नगरपालिकाका प्रशासन शाखा प्रमुख शिव दयाल यादवले पनि घटनाबारे साउनमै सतर्कता केन्द्रबाट राय-सुझाव माग गर्दै पत्र आएको र त्यसको जवाफ नगरपालिकाले पठाइसकेको बताएका छन् । तर, भदौ ३ गते सतर्कता केन्द्रले कारबाहीका लागि पठाएको पत्रबारे भने आफूलाई जानकारी नभएको उनले भने । उक्त पत्रबारे प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी हुन सक्ने उनले बताए ।

सुखीपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साह भने प्रतिक्रिया लिन खोज्दा सम्पर्कमा आएनन् । उनको मोबाइल स्वीच अफ रहेको थियो ।

साउन १२ गते आधार भूत अस्पतालको हाजिरी रजिस्टरमा डा. यादवले साउन २८ गतेसम्मको हाजिरी गरिसकेको तथ्य सार्वजनिक भएको थियो । साउन १२ गतेकै दिन साउन २८ गतेसम्मको हाजिरी गरिएको विषयमा समाचार विभिन्न सञ्चार माध्यममा प्रकाशित भएको थियो ।

उक्त समाचारपछि सतर्कता केन्द्रले कर्मचारीलाई कारबाही गर्न नगरपालिकालाई पत्राचार गरेको थियो । डा. यादवसँग प्रतिक्रिया लिंदा उनले यस्तो कार्य 'कहिलेकाहीँ मिस्टेकले हुन सक्ने' भन्दै सामान्य त्रुटि भएको प्रतिक्रिया दिएका छन् । साउन १२ गते नै २८ गतेसम्मको हाजिरी कसरी गरियो भन्ने प्रश्नमा उनले पुनः 'कहिलेकाहीँ मिस्टेक हुन सक्छ' भन्दै फोन काटि दिए ।

डा. यादव सुखीपुर नगरपालिकाका नगर प्रमुख रामाऔतार यादवका छोरा हुन् । उनी नगर आधारभूत अस्पतालमा करार सेवामा चिकित्सकका रूपमा कार्यरत हुनुका साथै कार्यालय प्रमुखको जिम्मेवारीसमेत सम्हाल्दै आएका हुन् ।

# बागमतिमा पुन निर्माण नहुँदा जोखिमपूर्ण आवागमन

**टुडे समाचारदाता**

रौतहट । रौतहट । रौतहटको दुर्गा-भगवती गाउँपालिकाका -५ वडहर्वा स्थित वागमती नदीमा पुल आभावले सर्वसधारणलाई डुङ्गा प्रयोग गरी जोखिमपूर्ण रुपले आवत-जावत गर्नुपर्ने बाध्यता रहेको छ ।

हुलाकी राजमार्ग अन्तर्गत वडहर्वा गाउँस्थित वाग्मती नदीमा निर्माणाधीन अवस्थामा रहेको उक्त पुल वर्षौं वितिसक्दा पनि निर्माण काम सम्पन्न नहुनाले यस क्षेत्रका वासिन्दालाई जोखिमपुर्ण रुपले नदी वारिपारि गर्नुपर्ने बाध्यता रहेको हो ।

हुलाकी राजमार्गअन्तर्गत २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले शिलान्यास गरेको उक्त पुलको स्पानहरु निर्माण भए पनि



बाँकी कार्यले गति नलिदा बर्षौदेखि करोडौं राज्यको लगानी भए पनि स्थानीयहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । दुर्गा-भगवती गाउँपालिका वडहर्वास्थित वाग्मती नदीमा पुल निर्माण कार्य सम्पन्न नहुनाले सर्वसाधारणलगायत कर्मचारीलाई जोखिमपूर्ण रुपले आवत जावत गर्नुपर्ने बाध्ययता रहेको स्थानिय मिन्टु झाले बताए । पुल निर्माण भएपछि सिधै सर्लाही हुदै जनकपुरधाम आवत-जावत गर्न सहज हुने उनको भनाई छ ।

वडहर्वास्थित बाग्मती नदीमा वर्षौंदेखि पुल निर्माण कार्य सम्पन्न नहुनाले नदी पारिपटी रहेको वडा जान डुङ्गाको विकल्प नरहेको स्थानीय रामचन्द्र मिश्रले बताए ।

दैनिक एक हजारभन्दा बढी नागरिक जोखिम मोलेर नदी पार गर्नुपर्ने अवस्था रहेको तथा पुल निर्माण सम्पन्न नहुँदा व्यापार, शिक्षा, स्वास्थ्य उपचार, रोजगारी तथा दैनिक आवागमनमा प्रत्यक्ष असर परेको उनले भने ।

रौतहटको दुईवटा वडा बाग्मती नदी पारी रहे पनि दुवै पालिकास्थित वाग्मती नदीमा पुल नहुनाले यहा'का वासिन्दाहरु जोखिमपूर्ण रुपले आवतजावत गर्नुपर्ने बाधयता रहेकाले समस्या समाधानमा सरकार गम्भीर हुनुपर्ने स्थानीय पत्रकार रविन्द्र साहले बताए ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आजको दिन तपाईका लागि निकै शुभ र फलदायी रहनेछ ।
वृष : आज अलि सतर्क रहनुपर्ने देखिन्छ ।
मिथुन : व्यापार-व्यवसाय र साझेदारीका काममा राम्रो लाभ मिल्नेछ ।
कर्कट : आज तपाईका प्रतिस्पर्धी वा शत्रुहरु परास्त हुनेछन् ।
सिंह : बौद्धिक तथा रचनात्मक काममा विशेष सफलता मिल्नेछ ।
कन्या : आज मनमा अलि अस्थिरता वा चिन्ता पर्न सक्छ ।
तुला : तपाईको पराक्रम, हिम्मत र उत्साहमा वृद्धि हुनेछ ।
वृश्चिक : धन आगमनको राम्रो योग छ ।
धनु : आज मन प्रसन्न, उत्साहित र ऊर्जावान् रहनेछ ।
मकर : वैदेशिक क्षेत्र वा टाढाको कामबाट भने लाभ मिल्न सक्छ ।
कुम्भ: आज आम्दानी र लाभका नयाँ स्रोतहरु फेला पर्न सक्छन् ।
मीन: कार्यक्षेत्रमा तपाईको प्रभुत्व र प्रतिष्ठा बढ्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## जेन- जी आन्दोलनमा लुटिएको 'सट गन' सहित एक युवक पक्राउ

भद्रपुर । गत वर्षको जेन- जी आन्दोलनका क्रममा प्रहरीबाट लुटिएको एक थान 'सट गन' सहित प्रहरीले झापाको दमकबाट आइतबार एक युवकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रञ्जन अवाका अनुसार पक्राउ पर्नेमा मोरङको उर्लाबारी नगरपालिका-६ घर भई हाल दमक नगरपालिका-२ रतुवा पुल नजिक अक्ष इन्टरप्राइजेज मोटरसाइकल ग्यारेजमा काम गर्दै आएका २० वर्षीय सुमन कर्ण रहेका छन् ।

प्रहरी नायब उपरीक्षक अवाका अनुसार गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा लुटिएको सट गन दमक नगरपालिका-४ त्रिवेणी चोकस्थित खैरबारीमा लुकाएर राखिएको भन्ने गोप्य सूचना प्रहरीले प्राप्त गरेको थियो । उक्त सूचनाका आधारमा प्रहरीले कर्णलाई नियन्त्रणमा लिएर उनले बताएको स्थानमा खोजतलास गरेको थियो ।

सो क्रममा प्रहरीको 'मिक' कम्बलमा पोका पारी लुकाएर राखिएको अवस्थामा एक थान सट गन फेला परेको प्रहरीले जनाएको छ । प्रहरी नायब उपरीक्षक अवाले सट गन कहाँबाट लुटिएको हो र आन्दोलनका क्रममा हतियार कसरी कर्णको हातमा पुग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिनुभयो । रासस

## प्रधानमन्त्रीको भ्रमणले मुस्ताङवासी उत्साहित



मुस्ताङ । प्रधानमन्त्री वालेन्द्र शाहको भ्रमणले मुस्ताङवासी उत्साहित भएका छन् । उहाँको मुस्ताङ भ्रमणले यहाँको चर्चा चुलिएको छ । यसअघि तत्कालिन प्रधानमन्त्री सुशीला कार्की पनि मुस्ताङ आउनु भएको थियो । तर उहाँ काठमाडौँबाट पोखरा हुँदै नेपाली सेनाको हेलिकप्टरबाट सिधै मुक्तिनाथ क्षेत्र आउनुभएको थियो ।

प्रधानमन्त्री शाह भने बर्खायामको मौसममा समेत बेनी-जोमसोम सडकखण्डको सास्ती व्यहोर्दै आफैँले सवारीसाधन हाँकेर शनिबार मुस्ताङको जोमसोम आइपुग्नुभएको थियो । सोही दिन साँझ प्रधानमन्त्री शाहले मुक्तिनाथको दर्शन गरी जोमसोममा बास बस्नुभयो । प्रधानमन्त्री शाह आज मुस्ताङबाट काठमाडौँतर्फ प्रस्थान गर्नुभयो ।

प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमणबाट यहाँको पर्यटन क्षेत्रमा ठूलो उभार आउने अपेक्षा गरिएको छ । मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजुप्रसाद लालचनले प्रधानमन्त्री शाहको मुस्ताङ आगमनले यस क्षेत्रको पर्यटन क्षेत्रमा ठूलो टेवा पुग्ने बताउनुभयो । "प्रधानमन्त्री जहाँ जानु हुन्छ, त्यसक्षेत्रको पर्यटन क्षेत्रको चर्चा निकै चुलिएको छ", उहाँले भन्नुभयो, "उहाँको मुक्तिनाथ दर्शनसहितको मुस्ताङ भ्रमणले यहाँको धार्मिक पर्यटन क्षेत्रलाई थप चलायमान बनाएको छ ।"

प्रधानमन्त्री शाहले मुक्तिनाथको दर्शन गरेर पवित्र धार्मिकस्थल मुक्तिनाथको धार्मिक आस्था, विश्वास र गरिमालाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरसम्म सन्देश प्रवाह गर्नुभएको अध्यक्ष लालचनले बताउनुभयो । प्रधानमन्त्रीको पहिलो स्वदेश भ्रमण मुस्ताङबाटै सुरु भएको र त्यो पनि सडकमार्गबाटै भएकाले सडक पूर्वाधार विकासतर्फ पनि उहाँको ध्यान जानेमा आफू आशावादी बनेको उहाँले उल्लेख गर्नुभयो ।

"राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग अस्तव्यस्त छ, प्रधानमन्त्रीले यसको प्रत्यक्ष अनुभव गर्नुभयो", अध्यक्ष लालचनले भन्नुभयो, "बेनी-जोमसोम सडकको स्तरोन्नति आवश्यक छ, यहाँ संसारभरीका नागरिक घुम्न आउँछन् ।"

अध्यक्ष लालचनले कोरला नाका हुँदै तिब्बतको कैलाश मानसरोवर धार्मिक तीर्थाटनका लागि सो नाकामा अध्यागमन कार्यालयलाई सक्रिय बनाएर राहदानीको समेत सुविधा हुनसके मुस्ताङको पर्यटन क्षेत्रमा कायापलट हुने बताउनुभयो । उपल्लो मुस्ताङ जाने विदेशी पर्यटकका लागि पनि नेपाली नागरिक जस्तै अर्थनिषेधित क्षेत्रलाई फुकुवा गर्न सकेमा भारत, नेपाल र चीनबीच त्रिदेशीय पर्यटनमार्ग थप सहज हुने अध्यक्ष लालचनको भनाइ छ ।

प्रधानमन्त्री शाहको भ्रमणले मुस्ताङको पर्यटन क्षेत्रले थप फड्को मार्ने मुक्तिनाथ होटल एशोसियसनका अध्यक्ष सुरज गुरुङले उल्लेख गर्नुभयो । प्रधानमन्त्रीको मुस्ताङ भ्रमण हुन यहाँका पर्यटन व्यवसायीका लागि ठूलो अवसर भएको उहाँको भनाइ छ । प्रधानमन्त्री शाहबाट मुक्तिनाथको दर्शनले धार्मिक आस्था र यस क्षेत्रको महत्वलाई थप उजागर गर्न सफल भएको एशोसिएनका अध्यक्ष गुरुङले बताउनुभयो ।

मुस्ताङको पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा सन् २०१८ को मे महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दर्शन गर्नुभएको थियो । भारतीय प्रधानमन्त्री मोदीको उक्त भ्रमणपछि मुक्तिनाथ मन्दिरमा भारतीय दर्शनार्थीको सङ्ख्यामा उल्लेखनीय रुपमा वृद्धि भएको अध्यक्ष गुरुङले बताउनुभयो ।

भारतीय प्रधानमन्त्री मोदीपछि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि मुक्तिनाथ मन्दिरको दर्शन गर्नुभएको थियो । यसपटक प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमण र मुक्तिनाथको दर्शनले यसक्षेत्रको धार्मिक पर्यटनका क्षेत्रमा नयाँ आयाम थपिने विश्वास गरिएको छ । रासस

## मंगलवारदेखि बांकी पोखरीको रेखांकन

**टुडे समाचारदाता**

जनकपुरधाम । गुठी संस्थानले आफू मातहतका जनकपुरधामस्थित बांकी रहेका अतिक्रमित पोखरीहरुको नापजाँच तथा रेखाकंन मंगलवारदेखि शुरु गर्ने भएको छ ।

यसअघि अतिक्रमित पोखरीका जग्गा खाली गराउने अभियानलाई अघि बढाउँदै पहिलो चरणमा सात वटा पोखरीको डिलबाट अतिक्रमण शनिवार हटाएको छ । कडा सुरक्षा व्यवस्थाबीच डोजर परिचालन गरी ती पोखरीका अतिक्रमित संरचना हटाइएको हो ।

गुठी संस्थानले अतिक्रमणमा परेका ४९ वटा पोखरी पहिचान गरेको छ । तीमध्ये हालसम्म १३ वटा पोखरीको डिलको नापजाँच तथा नक्सांकन सम्पन्न भएकोमा सात वटा पोखरीबाट अतिक्रमण हटाउने काम गरिएको हो ।

अभियानका क्रममा ६५ वटा घर तथा अन्य संरचना भत्काइएको गुठी संस्थान जनकपुरधामका किशोरकुमार झाले जानकारी दिए । डोजर सहज रूपमा पुग्न नसक्ने स्थानमा रहेका केही संरचना भने तत्काल हटाउन नसकिएको उनले बताए ।

"डोजर जान नसकेको ठाउँमा रहेका संरचना एक साताभित्र सम्बन्धित व्यक्तिले आफैं हटाउनुपर्नेछ । त्यसो नभए श्रमिक परिचालन गरेर भए पनि संरचना हटाइनेछ," झाले भने ।



शनिबार गिरनारी (गोरधोइ) पोखरी, दिर्घिका सर, मुरली सर, रत्नसागर, अर्गजा सर, दशरथ तलाउ र विसहरा तलाउको डिलमा रहेका अतिक्रमित संरचना हटाइएको हो ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित ' उच्चस्तरीय कार्यदलको प्रतिवेदन-२०६२ कार्यान्वयन समिति'ले तयार पारेको विवरण र नक्सांकनलाई आधार बनाएर अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइएको हो ।

समितिका सदस्य-सचिव जनक पोखरेलको नेतृत्वमा आएको टोली आइतबार काठमाडौं फर्किएको छ । बाँकी पोखरीको नापजाँच र सीमांकनका लागि टोली पुनः जनकपुरधाम आउने भएको छ ।

समितिका सदस्य-सचिव पोखरेलका अनुसार मंगलबारदेखि बाँकी पोखरीको नापजाँच तथा रेखांकनको काम सुरु गरिनेछ । उनका अनुसार प्रारम्भिक चरणमा सात पोखरीबाट अभियान सुरु गरिएको भए पनि नक्सांकनको काम पूरा भएपछि थप पोखरीलाई समेटेर सार्वजनिक सूचना जारी गर्दै अतिक्रमण हटाउने अभियानलाई तीव्र बनाइनेछ ।

पोखरेलका अनुसार गुठीअन्तर्गतका अतिक्रमित संरचना हटाउने कामलाई तीन चरणमा अघि बढाउने योजना छ । पहिलो चरणमा पोखरीको जग्गा अतिक्रमणमुक्त गरिनेछ भने दोस्रो चरणमा मन्दिर परिसर र तेस्रो चरणमा अन्य गुठी जग्गामा भएका अतिक्रमण हटाउने गरी कार्ययोजना बनाइएको छ ।

जनकपुरधाममा गुठीको अतिक्रमित जग्गा पहिचान गर्न भोजराज घिमिरेको नेतृत्वमा गठन भएको तत्कालीन कार्यदलको प्रतिवेदनलाई समेत आधार मानिएको समितिले जनाएको छ ।

## लागू औषधसहित तीनजना पक्राउ



**टुडे समाचारदाता**

लहान । लागुऔषध ब्राउन सुगरसहित सिरहामा प्रहरीले तीन युवकलाई पक्राउ गरेको छ । गोलबजार नगरपालिका-३ स्थित विकास होटलअगाडि गएराति शंकास्पद अवस्थामा मोटरसाइकलमा सवार उनीहरूलाई प्रहरीले चेकजाँचका क्रममा पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका-८ का १९ वर्षीय दीपककुमार यादव, वडा नम्बर-७ का २० वर्षीय आशिक महतो र वडा नम्बर-६ का १८ वर्षीय राजेशकुमार दास रहेका जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

प्रहरीका अनुसार उनीहरू मधेश प्रदेश ०१-००५ प २४९३ नम्बरको मोटरसाइकलमा कसहाबाट गोलबजारतर्फ आउँदै थिए । शंका लागेर प्रहरीले मोटरसाइकल रोकी जाँच गर्दा उनीहरूको साथबाट ११ दशमलव ६२ मिलिग्राम ब्राउन सुगर र नगद २ हजार ९ सय २० रुपैयाँ बरामद भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रवक्ता एवं डिएसपी रमेशबहादुर पालका अनुसार पक्राउ परेका तीनै जनालाई मोटरसाइकलसहित थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गोलबजारमा राखिएको छ । प्रहरीले बरामद लागुऔषधको स्रोत तथा उनीहरूको संलग्नताबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## जापानिज इन्सेफलाइटिसको जोखिम बढ्दो, सतर्क रहन अनुरोध

काठमाण्डु । लामखुट्टेकोटोकाइबाटसर्नेजापानिज इन्सेफलाइटिस(जेइ) रोगको सङ्क्रमण तथा मृत्यु हुनेको संख्या बढिरहेकाले यसको जोखिमप्रति सतर्क र सुरक्षित रहन परिवार कल्याण महाशाखाले सबैमा अनुरोध गरेको छ । स्वास्थ्य सेवा विभागअन्तर्गतकोपरिवार कल्याण महाशाखाको पछिल्लो प्रतिवेदनअनुसार देशका २५ जिल्लाका ५९ स्थानीय तहमा ८० जना प्रयोगशालामा पुष्टि भएका जापानिज इन्सेफलाइटिसका बिरामी देखिएका छन् ।

आइतबार एक विज्ञप्ति जारी गर्दै महाशाखाले पुष्टि भएका बिरामीमध्ये ८६ प्रतिशतले जापानिज इन्सेफलाइटिस रोगविरुद्धको 'जेइ खोप' नलगाएका जनाएको छ । यसैगरी, हालसम्म सङ्क्रमितमध्ये २१ जनाको मृत्यु भइसकेको छ । मृतक सबैले जेइ खोप नलगाएका पाइएको छ ।

जेइका 'केस' (बिरामीको अवस्था) हालसम्म सबैभन्दा बढी झापामा १०, कैलाली र मोरङमा सात/सात, सप्तरी र कञ्चनपुरमा छ/छ तथा चितवन, सुनसरी र नवलपरासीपूर्वमा पाँच/पाँच रहेका छन् । मुख्यतः तराई तथा भित्री मधेसका जिल्लामा केन्द्रित भए पनि इलाम, काभ्रेपलाञ्चोक, काठमाडौँ, सिन्धुली, सुर्खेतलगायत पहाडी जिल्लामा जेइ पुष्टि भएको प्रतिवेदनले जनाएको छ ।



जापानिज इन्सेफलाइटिस मुख्यतः सङ्क्रमित क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट सर्दछ । धेरै बिरामी धानखेत तथा सुँगुरपालन गरिने क्षेत्रमा बसोबास गर्नेमा यसको सङ्क्रमण देखिएको स्वास्थ्य सेवा विभागले जनाएको छ । सङ्क्रमित जनावर जस्तै सुँगुर, बङ्गुर, हाँसलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा मानिसमा भाइरस सर्न सक्छ । जेइको सङ्क्रमण भएका प्रत्येक तीन जनामध्ये एक जनाको मृत्यु हुने र एक जना दीर्घकालीन अपाङ्गता वा स्नायुसम्बन्धी समस्यासहित बाँच्नुपर्ने तथ्याङ्क छ ।

साथै उच्च ज्वरो, टाउको दुख्ने, बेहोस हुने, झट्का आउने वा चेतनामा परिवर्तनजस्ता लक्षण देखिएमा घरेलु उपचारमा समय खेर नफाली उपचारका लागि तत्काल नजिकैको स्वास्थ्य संस्था लैजानसमेत महाशाखाले अनुरोध गरेको छ । पछिल्लो तथ्याङ्कअनुसार ८० जनामा पुष्टि भएकामध्ये ५१ अर्थात् ६४ प्रतिशत १५ वर्षभन्दा माथिका छन् । जेइका कारण भएका मृत्युमा ५० वर्षभन्दा माथिका व्यक्तिको हिस्सा ८१ प्रतिशत रहेको छ । यस वर्ष हालसम्म पुष्टि भएका ८० बिरामीमा पुरुष ४३ र महिला ३७ जना छन् ।

जापानिज इन्सेफलाइटिसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै रोगबाट सुरक्षित हुने यो प्रभावकारी उपचार भएको विभागको भनाइ छ । यो रोगबाट सुरक्षित हुन जेइ खोप लगाउनुका साथै लामखुट्टेको टोकाइबाट बच्नुपर्ने विभागले जनाएको छ । सरकारले जेइ खोप १२ महिनाको उमेरका बालबालिकालाई लगाउने गर्दछ । यदि छुटेको भएमा पाँच वर्षको उमेरसम्मका बालबालिकालाई जेइ खोप लगाइन्छ । परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले यो रोगबाट बच्न खोप अनिवार्य रहेको बताउँदै छुटेकालाई थीघ्र खोप लगाउन आग्रह गर्नुभयो । रासस

## 'कुष्ठ प्रभावितलाई स्वाबलम्वी, आत्मनिर्भर र सक्षम बनाइनुपर्छ'

काठमाण्डु । कुष्ठ प्रभावित व्यक्तिलाई राज्यले सामाजिक सुरक्षाका माध्यमबाट आयआर्जन गर्न सक्ने स्वाबलम्वी, आत्मनिर्भर र सक्षम नागरिकको रूपमा समाजमा स्थापित गर्नुपर्नेमा जोड दिइएको छ ।

नेपाल कानून समाज, एशोसिएसन फर आइडिया नेपाल, कुष्ठरोग निवारण सङ्घ, राष्ट्रिय कुष्ठ प्रभावित कल्याण सङ्घ र पुनर्स्थापना, सशक्तीकरण तथा विकास नेपालद्वारा आज यहाँ आयोजित कार्यक्रमका सहभागीले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिबाट आयआर्जन गर्न सक्ने कार्यक्रम र वातावरण राज्यले सुनिश्चित गरिदिनुपर्ने बताउनुभयो ।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले कुष्ठ प्रभावित भएकै कारण शिक्षा, स्वास्थ्य, रोजगारी, घरपरिवार र समाजबाट अलग्गिनुपर्दा त्यस्ता व्यक्तिको आत्मसम्मनमा क्षति पुगेको पाटोलाई दृष्टिगत गरी सरकारले कानूनी रूपमै आवश्यक प्रबन्ध मिलाउनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कुष्ठसम्बन्धी समस्याप्रति नेपाली समाजको कमजोर बुझाइका कारण पीडितले परिवार, सम्पत्ति र समाजबाट अलग भई जीवन रित्याउनुपरेको अवस्था आधुनिक समाजको विकृत रूप हो, राज्यले कुष्ठ प्रभावितलाई सहानुभूति र दया होइन, सामाजिक न्यायसँगै क्षमतावान् बनाउनुपर्छ ।"

काठमाडौँमहानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले कुष्ठ समस्या व्यक्तिको पहिचान नभई फरकखालको स्वास्थ्य अवस्था मात्रै भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यसको नियन्त्रणका लागि प्रभावित व्यक्तिले आफ्नो अनुभव र ज्ञान नयाँलाई सिकाउनुपर्‍यो, समयमै उपचारमा लाग्नुपर्‍यो, उहाँहरूलाई अधिकार र अवसरबाट वञ्चित गराउनु हुँदैन ।"

'कुष्ठ प्रभावित व्यक्तिको सामाजिक सुरक्षा र आर्थिक सशक्तीकरणको आवश्यकता' विषयक कार्यपत्र प्रस्तुत गर्दै पूर्वअर्थसचिव शिशिर ढुङ्गानाले कुष्ठ प्रभावित व्यक्तिको लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्न बीऊ पूँजी तथा सहुलियतपूर्ण कर्जा कार्यक्रमको विस्तारमा जोड दिनुभयो ।



उहाँले भन्नुभयो, "कुष्ठ प्रभावितका लागि सीप र रोजगार ीसँगको अन्तरआबद्धता विकास, आपसी सहयोगी समूहको सबलीकरण गरी सहकारीमूलक कार्यक्रमको सञ्चालन र विस्तार, कृषि तथा पशुपालन लक्षित जीवनयापन सुधार कार्यक्रम विस्तार आवश्यक छ ।"

उनीहरूका उत्पादनको बजार सुनिश्चित गर्न थोक बजार सञ्चालन गरी स्थानीय उत्पादनलाई बाह्य बजारसँग आबद्ध गराउनुपर्नेमा जोड दिँदै पूर्वसचिव ढुङ्गानाले सामाजिक सुरक्षा र आर्थिक सशक्तीकरणका कार्यक्रमलाई नतिजामूलक बनाइनुपर्ने बताउनुभयो ।

हाल नेपालमा करिब दुई लाखको सङ्ख्यामा कुष्ठरोग प्रभावित व्यक्ति रहेकामा ३० हजार व्यक्ति अपाङ्गताको सिकार बनेको र करिब दुई हजारदेखि दुई हजार ५०० सम्म व्यक्ति बर्सेनि यो रोगको सङ्क्रमणमा पर्ने गरेको पाइएको छ । तथ्याङ्कमा मधेस तथा लुम्बिनी प्रदेशका तराईका ११ जिल्लामा अहिले पनि प्रति १० हजारमा एक जनाभन्दा बढी व्यक्ति कुष्ठ प्रभावित भएकाले ती जिल्लालाई अति कुष्ठ प्रभावित जिल्ला मानिएको छ ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव निरा अधिकारीले अपाङ्गताभएकाव्यक्तिकासन्दर्भमा सामाजिक समावेशीकरण र स्थानीय तहको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्दै अपाङ्गता बहुआयामिक, बहुपक्षीय एक सामाजिक बहसको सवाल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो वयैक्तिक कमजोरी, असक्षमता र दोषको विषय होइन, अपाङ्गता समावेशीकरण कुनै प्राविधिक चुनौती होइन, यो राजनीतिक र नैतिक चुनौती हो । यसका लागि धारणामा पुनर्विचार गर्न, प्रणालीलाई पुनः कार्य गर्न र लामो समयदेखि बहिष्कृत गरिएकाको आवाज सुन्न आवश्यक छ ।"

पूर्णअपाङ्गता भएका असहाय व्यक्तिलाई स्थानीय सरकार र महिला मन्त्रालयको सिफारिसमा निःशुल्क पुनर्स्थापना सेवा उपलब्ध गराइरहेको जानकारी दिँदै उपसचिव अधिकारीले सात वटै प्रदेशमा सहायक सामग्री उपलब्ध गराउन निश्चित अनुदान दिइएको बताउनुभयो ।

सरकारले मनोसामाजिक, पूर्णअपाङ्गता र सहाराविहीन महिलाका लागि आजीवन पुनर्स्थापना गृहको व्यवस्था, दिवा सेवा केन्द्र र अन्य अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना गृहलाई अनुदान, अपाङ्गता नीति निर्माण, अपाङ्गताका क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य र समन्वय र समुदायमा आधारित समावेशी पुनर्स्थापना कार्यक्रमलाई बस्ती स्तरसम्म सञ्चालन गर्नेगरी स्रोतको सुनिश्चितता गर्ने कार्य अघि बढाइरहेको सो अवसरमा जानकारी दिइयो ।

सरकारले अपाङ्गतामैत्री नगर बनाउन भौतिक पूर्वाधारमा क्रमशः सुधार गर्दै पहुँचयुक्त नगरको विकास गर्न दीर्घकालीन लक्ष्य बनाइ काम गरिरहेको छ ।

पूर्वसचिव धनराज ज्ञवालीले कुष्ठ प्रभावितका लागि लुम्बिनी प्रदेश र स्थानीय तहमा परामर्श गरी सोका आधारमा एकीकृत विधेयकको

> "कुष्ठ प्रभावितका लागि सीप र रोजगार ीसँगको अन्तरआबद्धता विकास, आपसी सहयोगी समूहको सबलीकरण गरी सहकारीमूलक कार्यक्रमको सञ्चालन र विस्तार, कृषि तथा पशुपालन लक्षित जीवनयापन सुधार कार्यक्रम विस्तार आवश्यक छ ।"

मसौदा तयार गर्ने कार्य अघि बढिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विधेयकको अन्तिम मसौदा आवश्यक कारबाहीका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोका कार्यालयमा पठाइनेछ ।"

प्रतिनिधिसभा सदस्य मोहनलाल आचार्यले अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक संविधानमै स्पष्टरूपमा लेखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक र न्यायसहित उचित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षा पाउने हक संविधानमै उल्लेख छ ।"

सांसद आचार्यले संविधानको धारा ४३ मा विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको सुनिश्चित गरिएको बताउनुभयो ।


नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनमा राजनीतिक सहभागिता, नीति निर्माणमा सहभागिता, संस्था खोल्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार स्पष्ट व्यवस्था रहेको बताउनुभयो ।

कुष्ठप्रभावित विषेशज्ञ कालेप बुढाले कुष्ठ प्रभावबाट हात, खुट्टा र आँखाका नसामा असर गर्ने भएकाले दैनिक ती अङ्गको विशेष हेरचाह गर्न र कुनै लक्षण देखिए विशेषज्ञको परामर्श लिन सुझाव दिनुभयो । नेपाल कुष्ठरोग निवारक सङ्घका अध्यक्ष डा रामकुमार श्रेष्ठले कुष्ठप्रभावितका लागि सरकारले निःशुल्क औषधिको व्यवस्था गरेको हुँदा केही समयको औषधि सेवनबाट निको हुने भएकाले रोग लुकाउन र प्रभावितलाई हेला गर्न नहुने बताउनुभयो ।

अर्का चिकित्सक डा प्रसन्न नापितले कुष्ठरोग आँखाले देख्न नसकिने सुक्ष्म किटाणुबाट लाग्ने कम सर्ने जुनसुकै भूगोल र तहतप्काका व्यक्तिलाई लाग्नसक्ने भएकाले यसका बिरामीलाई हेयको दृष्टिले हेर्न नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा कुष्ठ रोग प्रभावित व्यक्तिको हक अधिकार र संरक्षणका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधिले समाजमा कुष्ठ रोग प्रभावित व्यक्तिको आर्थिक तथा सामाजिक अवस्था र राज्यकातर्फबाट चाल्नुपर्ने कदमका बारेमा दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो ।

नेपालमा सात दशकदेखि कुष्ठप्रभाव निवारणका लागि विभिन्न प्रयास भएकामा यसलाई २०६६ सालमा गम्भीर स्वास्थ्य समस्याका रूपमा नभएको जनाउँदै यो रोग निवारण भएको घोषणा गरिएको थियो । तथापि, अहिले पनि विश्व स्वास्थ्य सङ्गठनले भने यो रोग प्रभावित विश्वका २३ मुलुकको सूचीमा नेपाललाई पनि समावेश गरेको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विनास भन्दा समाधान खोजौं

गुठी संस्थानले जनकपुरधाममा रहेको अतिक्रमित जग्गा खाली गराउन थालेको छ । गुठी संस्थानले अतिक्रमित जग्गा खाली गराउने क्रममा पोखरीको डिल र जग्गालाई प्राथमिकतामा राखेको छ । जनकपुरधाम धार्मिक, सांस्कृतिक नगरी हो । यहाँ धार्मिक र ऐतिहासिक महत्व बोकेको ५० भन्दा बढी पोखरीहरु छन् । मन्दिरहरुको संख्या पनि अधिक छ । कयौं मन्दिरहरु भत्काएर सरकारी संरचना बनाइएको छ । कयौं पोखरीहरु लुप्त भइसकेको छ । कयौं पोखरीको अस्तित्व समाप्त भइसकेको छ । जनकपुरधामको सुन चाँदी बजार, जानकी मन्दिरदेखि जनक चोकबीचमा रहेका कयौं कुप(इनार) हरु पुरिएर पसल खोलिएका छन् । कयौं मठमन्दिरहरु भत्काइएको छ । अधिकांश मठमन्दिरहरु लोप भइसकेका छन् । भगवान नै फालिएको छ । कयौं मन्दिरहरु पारिवारिक घर बनेको छ । कयौं महन्तले कथित लिजको नाममा जग्गा बेचेका छन् । ती सबै जग्गा गुठी र मठमन्दिरको नै छ । तर ती जग्गाहरु खाली गराउन गुठीले ठूलो कसरत गर्नुपर्नेछ । गुठी संस्थानले नै धेरै जग्गाको अवैध रुपमा विगतमा बन्दोबस्त गरेकोछ । गुठी संस्थानले पाँच वर्षको लागि लिजमा दिएको जग्गामा करोडौंको भवन बनिसकेको छ । पाँच वर्षको लिज अवधि समाप्त भइसकेपछि लिजको अर्को सूचना प्रकाशन गर्न सक्दैन । यस्ता थुप्रै समस्याहरु छन् । गुठी संस्थानले जग्गाको संरक्षण गर्न आवश्यक छ । तर अधिकांश जग्गामा ठूला संरचना निर्माण भइसकेकोले त्यसलाई ध्वस्त बनाउनु भन्दा समायोचित मूल्यांकन गरी राजस्व लिएर रजिष्ट्रेशन पास गरिदिंदा उत्तम समाधान हुन सक्थ्यो । गुठी संस्थानले जग्गाको व्यवस्थापन गर्न ठूलो बजेटको आवश्यकता छ । संरचना भत्काएर जग्गा खाली गराउनेसंगै त्यसको व्यवस्थापन पनि आवश्यक छ । विगतमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को अध्यक्ष रहेका रामकुमार शर्माले गुठीको जग्गा र पोखरीको अतिक्रमण खाली गराउन ठूलो अभियान चलाएका थिए । त्यसमा उनी धेरै हदसम्म सफल पनि भएका थिए । तर भत्किएको संरचनामा फेरी निर्माण भयो । कतिपयले प्रमाण सहित अदालतबाट स्वामित्व स्थापित गराए । केहिले निर्माण गरे । केहिको उठीबास भयो । जग्गाको अतिक्रमण हटाउन गुठी संस्थानको ठूलो लगानी भइरहेको छ । तर संरक्षण गर्ने कुनै योजना छैन । खाली गराएर जग्गा छाड्नु भन्दा पोखरीको सौन्दर्यीकरण गर्ने र सम्भव भए सम्म त्यसबाट व्यवसायिक लाभ लिने नीति बनाउनु पर्छ । पोखरीको सौन्दर्यीकरण नहुँदा त्यसमा पानीको सतह बढेर छेउछाउको सडक र घरहरु डुबानमा पर्न सक्छ ।पोखरीलाई संरक्षित गर्न पहिले योजना बनाएर संरचना हटाएको भए एकैपटक दुबै काम हुने थियो । भोजराज घिमिरेको प्रतिवेदनमाथि पनि प्रश्न उठेको छ । गुठीको कतिपय महत्वपूर्ण जग्गाहरुलाई समेत प्रतिवेदनमा समेटिएको छैन ।त्यसकारण पनि गुठीले विनासको साटो व्यवस्थापनलाई प्राथमिकता दिन आवश्यक छ ।

# न बढ्ने, न घट्ने–किन मौन छ शेयरबजार ?



रिसव गौतम

अर्थतन्त्रका बाह्य सुचकहरु राम्रो रहँदा, आन्तरिक रुपमा तरलता योग्य रकम बैंकहरुमा प्रर्याप्त रहँदा र ब्याजदर निरन्तर घट्दा पनि लगानीकर्ताहरुको मनोबल उठ्न सकेको छैन । वित्तिय बजारमा कर्जाको माग अत्यन्त न्युन छ । ब्यवसायी तथा शेयर लगानीकर्ता त्रस्त छन् । खासगरी नयाँ सरकारको अपरिपक्क शैली, शुसासनको नाममा नीजि क्षेत्रका उद्यमी ब्यवसायीहरुमाथीको अन्दाधुन्द धरपक्कडले ब्यवसायिक वातावरण खलल बनेको छ ।

विश्वमा कहिँ पनि त्यस्तो देश छैन, जहाँ हजारौंलाई रोजगारी दिने र करोडौं राजस्व तिर्ने व्यवसायीहरुमाथी राज्यनै लागेर कैदीभैं ब्यवहार गरोस् । ब्यवसायीहरु भनेका कुनैपनि देशका गहना हुन् । जसले सम्बृद्धिको उज्यालो भित्राउन सक्छन् । त्यसकारण तिनीहरुबाट विगतमा गल्ती नै भएका रहेछन् भनेपनि उनीहरुलाई तर्साएर होइन्, धरपक्कड गर्ने होइन् । शोधपुछ गरेर, सम्मानपुर्वक आर्थिक जरिवानाको दण्ड गरिनुपर्छ, यदी कानुन वेगरको काम भएका रहेछन् भने । तर विना प्रमाण, विना आधार होहल्लाको भरमा उनीमाथी प्रहरी लगाएर समात्ने, मुद्धा मामिलामा अल्भिाइदिने काम गलत हो । त्यस्तो कामले न त राज्यमा उद्यमशील वातावरण बन्छ । न त रोजगारी सिर्जना हुन्छ । न त राज्यको राजस्व आय नै बढ्छ । त्यस्तो कामले पुरै देशको ब्यवसायिक वातावरण भत्कन्छ । अनि त बैंकहरुमा पैसा थुप्रिने र ऋणको माग नहुने भइहाल्छन् । यस्तो अवस्था लामो समय रहीरहँदा पुँजी पलायन हुनसक्छन् । नेपालमा नभएर ब्यवसायिहरुले विदेशमा लगानी गर्न सक्छन् । त्यसकारण ब्यवसायिक वातावरण भनेको आर्थिक सम्बृद्धिको महत्वपुर्ण आधार हो । व्यवसायिक वातावरण प्रगाढ भयो भने बैंकहरुमा ऋणको माग बढ्छ, नयाँ नयाँ उद्यमीहरु जन्मन सक्छन् । तिनले राज्यमा रोजगारी सिर्जना गर्छन् । आर्थिक गतिविधि बढ्छन् । निर्यात बढ्छ । र, देश धनी हुने बाटोमा अघि बढ्छ । अनि न शेयर बजारमा रौनक आउँछ ।

### राजनीति र शेयर बजार

शेयर बजारमा राजनीतिले जहिल्यै प्रभाव पार्छ । खासगरी राजनीतिक दलहरु विभिन्न विचारधारा बोकेर अस्तित्वमा छन् । कोही उदार अर्थतन्त्रको पक्षमा छन् त कोही नियन्त्रित अर्थतन्त्रको पक्षमा । कतिपय दलहरु पछिल्लो समय उदार र नियन्त्रित दुवै खालका नीतिको बीचबाट अघि बढिरहेका छन् । त्यसकारण कुन राजनीतिक दल सरकारमा आसिन छ, उसले कस्तो आर्थिक नीति लिन्छ, निजी क्षेत्र र पूँजी बजारलाई कसरी हेर्छ भन्ने कुराले शेयर बजारमा प्रत्यक्ष तथा परोक्ष रुपमा प्रभाव पार्दछ ।

राजनीतिका कारण आर्थिक र व्यवसायिक वातावरणलाई प्रभाव पार्ने समाचारहरु शेयर बजारका लागि उत्तिकै महत्वपूर्ण हुन्छन् । सरकार परिवर्तन हुने संकेत, अर्थमन्त्रीको नियुक्ति, बजेट वा करका दर हेरफेर, नियामकीय नीतिमा परिवर्तन, सार्वजनिक खर्च, निजी क्षेत्रप्रतिको सरकारको दृष्टिकोण वा राजनीतिक स्थायित्वसँग जोडिएका समाचारहरुले लगानीकर्ताको मनोविज्ञानलाई तत्काल प्रभावित गर्छन् । जसले बजारलाई बढाउने तथा घटाउन भुमिका खेल्छ । त्यसकारण शेयर बजार अलिकति अनिश्चितताको बजार पनि हो ।




राजनीतिले बजारलाई हल्लाउन सक्छ, तर बजारलाई दीर्घकालमा टिकाउने भनेको चाँही अर्थतन्त्र र कम्पनीहरुको वास्तविक आर्थिक अवस्थाले नै हो ।

यही कुरा नेपालको शेयर बजारको इतिहासले पनि देखाउँछ । नेपालको शेयर बजारमा विगत दुई दशकमा पटक-पटक ठूला बुल र बियर साइकल आएका छन् । सन् २००८ मा नेप्सेले करिब १२०० को तह छोएको थियो । त्यसपछि लामो समय बजार घट्यो र २०१२ तिर ३०० को आसपाससम्म झर्‍यो । त्यसपछि फेरि बजारले लामो उकालो यात्रा तय गर्दै सन् २०१६ मा १८०० विन्दु भन्दा माथिको उच्च तह परीक्षण गर्‍यो । त्यसपछि पुनः करेक्सन आयो र २०१९ मा नेप्से परिसुचक करिब ११०० को विन्दु आसपास झर्‍यो ।

त्यसपछि भने बजारले अर्को ठूलो यात्रा तय गर्‍यो । सन् २०१९ को अन्त्यतिर करिब ११ सयको आसपास रहेको नेप्से कोरोनाकालमा बैंकिङ प्रणालीमा आएको अधिक तरलता, घटेको ब्याजदर, घरमै बसेर लगानी गर्नुपर्ने वाध्यता, डिजिटल कारोबारको विस्तार तथा लगानीकर्ताको बढ्दो सहभागिताका कारण सन् २०२१ मा ३२०० भन्दा माथिको ऐतिहासिक उचाइसम्म नेस्से पुग्यो ।

यसरी हेर्दा नेपालको शेयर बजारमा बजारको चक्र नयाँ कुरा होइन । एउटा चरणमा अत्यधिक उत्साह आउँछ, त्यसपछि करेक्सन हुन्छ, बजार केही समय सुस्त रहन्छ र फेरि नयाँ आधारमा अर्को यात्रा तय हुन्छ ।

त्यसकारण अहिले २६ सयको आसपासमा चक्कर लगाइरहेको शेयर बजारलाई त्यही ऐतिहासिक चक्रको एउटा चरणका रूपमा हेर्न सकिन्छ । त्यसमाथी अहिले नै नेपालमा डिम्याट खाता खोल्नेहरु ८० लाख पुगेका छन् । शेयर बजारको लागि त्योपनि एउटा सकारात्मक कुरा हो । त्यसले बजार प्रति मानिसहरुको आर्कषण बढीरहेको प्रमाणित गर्छ । शेयर लगानीकर्ता मात्र होइन् पछिल्ला बर्षहरुमा नेप्सेमा सुचीकृति संस्थाहरु (हाल २८४ वटा संस्था नेप्सेमा सुचीकृत) पनि बढीरहेका छन् र झण्डै ७०-८० वटा ब्यवसायिक संस्थाहरु आइपिओ निष्कासनको प्रकृयामा पनि छन् । तिनीहरुको आइपिओ निष्काशनले झन् ब्यापक शेयर बजार प्रति सर्वसाधारणको आर्कण बढाउने छ । किनकी १० किते गोलाप्रथा चिठ्ठा नीतिले सर्वसाधारणलाई बजार प्रति आर्कषण बढाएको छ ।

### राजनीति र बजारको सम्बन्ध

राजनीतिका कारण बजारमा आउने उतारचढावलाई हामीले विगतमा धेरैपटक देखेका छौं । कुनै राजनीतिक घटनाले दुई दिनमै बजार ठूलो अंकले घट्न सक्छ । कुनै सकारात्मक राजनीतिक संकेतले केही दिनमै बजारलाई उकालो लगाउन सक्छ । तर त्यस्तो प्रभावको आयु प्रायः छोटो हुन्छ ।

जस्तो कि कुनै सरकार शेयर बजारमैत्री देखिएपछि बजारमा उत्साह आउन सक्छ । तर केही समयपछि कम्पनीको नाफा बढेन, बैंकको कर्जा विस्तार भएन, ब्याजदर बढ्यो र अर्थतन्त्र सुस्त भयो भने राजनीतिक उत्साहले मात्रै बजारलाई लामो समय माथि लैजान सक्दैन ।

यसको उल्टो पनि सत्य हो । राजनीतिक वातावरणमा केही नकारात्मकता भएपनि कम्पनीको व्यवसाय राम्रो भइरहेको छ, बैंकिङ प्रणालीमा तरलता पर्याप्त छ, ब्याजदर घटिरहेको छ र अर्थतन्त्र विस्तार भइरहेको छ भने बजारले अन्ततः त्यसलाई मूल्यमा समेट्छ ।

यसरी हेर्दा राजनीतिक घटनाक्रमले शेयर बजारमा छोटो अवधिका लागि अस्थिरता निम्त्याउँछ । तर दीर्घकालमा आर्थिक तत्व, व्यवसायिक वातावरण, आर्थिक नीति र कम्पनीको वित्तीय अवस्था नै महत्वपूर्ण हुन्छ ।

### के बजार अब लम्कन्छ ?

शेयर बजारको भविष्यबारे ठ्याक्कै भविष्यवाणी गर्न सकिँदैन । नेप्से भोलि कति अंक बढ्छ वा घट्छ भन्ने कुरा कसैले निश्चित रूपमा भन्न सक्दैन । तर इतिहास, वर्तमान आर्थिक परिसूचक र नीतिगत वातावरणलाई एकै ठाउँमा राखेर हेर्दा अहिलेको बजारमा निराश हुने कारण देखिँदैन ।

सन् २००८ पछि बजारले ३०० को तह देख्यो । त्यही बजार केही वर्षपछि १८०० माथिको विन्दुमा पुग्यो । सन् २०१९ मा ११०० को आसपास आएको बजारले दुई वर्ष नपुग्दै ३२०० माथिको ऐतिहासिक उचाइ बनायो ।

यसले एउटा कुरा प्रष्ट गर्दछ भने आजको नेप्सेको अंकलाई हेरेर भोलिको बजारको सम्पूर्ण कथा लेख्न सकिँदैन ।

अहिले २६ सय भन्दा केही माथी रहेको बजार भोलि यही अंकमा रहला वा तलमाथि होला, त्यो बजारको स्वभाव हो । तर यदि ब्याजदर अनुकूल रहीरह्यो, कर्जा विस्तार भयो, सरकारको पूँजीगत खर्च बढ्यो, निजी क्षेत्रको लगानी बढ्यो र कम्पनीहरुको आम्दानी सुधार भयो भने त्यसको सकारात्मक प्रभाव शेयर बजारमा पर्न सक्छ ।

त्यसकारण अहिलेको सुस्ततालाई पनि बजार बढने तयारीका रूपमा हेर्न भने सकिन्छ । शेयर बजार सधैं उत्साहको चरम बिन्दुबाट मात्र उकालो लाग्दैन । धेरैपटक बजारले निराशा र अन्यौलको समयमा नयाँ आधार बनाउँछ । अहिलेको २६ सय आसपासका घनचक्कर लगाइरहेको शेयर बजार पनि त्यस्तै एउटा चरणमा हुनसक्छ ।

# इन्टरनेट, एल्गोरिदम र डिजिटल डिक्टेटरसिप

पुकार थापा

हामीले फेसबुक वा टिकटकमा बारम्बार देखिरहेको कुरा वास्तवमै समाजमा सबैभन्दा लोकप्रिय कुरा हो त ? लाखौं भ्युज आएको भिडियोले बहुसंख्यक मानिसको विचार प्रतिनिधित्व गर्छ ? हजारौं लाइक आएको राजनीतिक विचार साँच्चिकै त्यति नै लोकप्रिय हो, वा हामीले देखिरहेको लोकप्रियता केही हदसम्म एल्गोरिदमले निर्माण गरेको दृश्य पनि हुन सक्छ ?

इन्टरनेटले नेपाली समाजको सूचना प्रवाहमा ठूलो परिवर्तन ल्याइसकेको छ । कुनै समय समाचार र राजनीतिक बहसका मुख्य माध्यम पत्रपत्रिका, रेडियो र टेलिभिजन थिए । आज फेसबुक, टिकटक, युट्युब र इन्स्टाग्रामजस्ता प्लेटफर्मले समाचार, मनोरञ्जन, व्यापार, राजनीति र सार्वजनिक बहसलाई एउटै डिजिटल स्पेसमा ल्याइदिएका छन् ।

'डिजिटल २०२६ : नेपाल'का अनुसार सन् २०२५ को अन्त्यतिर नेपालमा करिब १६.६ मिलियन मानिसले इन्टरनेट प्रयोग गर्थे, जुन कुल जनसंख्याको लगभग ५६ प्रतिशत हो । त्यही समयमा करिब १४.८ मिलियन सामाजिक सञ्जाल युजर आइडेन्टिटिज थिए ।

यहाँ 'युजर आइडेन्टिटिज' भन्नुको अर्थ सबै छुट्टाछुट्टै व्यक्ति नै हुन् भन्ने होइन; एउटै व्यक्तिका विभिन्न प्लेटफर्म वा अकाउन्ट पनि हुन सक्छन् । तर, तथ्यांकभन्दा महत्त्वपूर्ण परिवर्तन अर्को छ- हामी अब केवल इन्टरनेट प्रयोग गरिरहेका छैनौं, हामी क्रमशः एल्गोरिदमले छनोट गरेको सूचना-वातावरणभित्र बसिरहेका छौं ।

### एल्गोरिदमले हामीलाई के देखाउने भन्ने निर्णय कसरी गर्छ ?

एल्गोरिदम भनेको कम्प्युटरले कुनै काम गर्न वा निर्णय लिन पछ्याउने निश्चित नियम र प्रक्रियाको क्रम हो । फेसबुक खोल्दा देखिने पोस्ट, टिकटकमा आउने भिडियो वा युट्युबले सिफारिस गर्ने सामग्री संयोगवश छानिएको हुँदैन ।

रेकमेन्डेसन सिस्टमले प्रयोगकर्ताको अघिल्लो व्यवहार, रुचि, अन्तर्क्रिया र सामग्री (कन्टेन्ट) हेर्ने शैलीका आधारमा कुन सामग्रीले उसको ध्यान तान्न सक्छ भन्ने अनुमान गर्छ । दुई व्यक्तिले एउटै समयमा फेसबुक खोले पनि उनीहरूले देख्ने सामग्री फरक हुन सक्छ । कसैले कुनै राजनीतिक विचारको भिडियो लामो समय हेर्छ, त्यस्तै पोस्टमा कमेन्ट गर्छ वा शेयर गर्छ भने प्लेटफर्मले उसलाई त्यस्तै सामग्रीमा रुचि छ भन्ने संकेत पाउन सक्छ । त्यसपछि उसलाई त्यही प्रकृतिका सामग्री थप अगाडि सारिदिन्छ ।

सामाजिक साञ्जाल प्लेटफर्मका लागि प्रयोगकर्ताको ध्यान अत्यन्त मूल्यवान् हुन्छ । मानिस जति लामो समय प्लेटफर्ममा बस्छ, त्यति नै धेरै कन्टेन्ट तथा विज्ञापन देखाउन सकिन्छ । त्यसैले रेकमेन्डेसन सिस्टमले सधैं 'सबैभन्दा सत्य' वा 'सबैभन्दा महत्त्वपूर्ण' सामग्री खोजिरहेको हुँदैन ।

धेरै अवस्थामा उसले प्रयोगकर्तालाई रोकिराख्न सक्ने, प्रतिक्रिया गराउन सक्ने वा फेरि प्लेटफर्ममा फर्काउन सक्ने सामग्री खोजिरहेको हुन्छ । यसको अर्थ एल्गोरिदम आफैं खराब छ भन्ने होइन । समस्या तब सुरु हुन्छ, जब मानिस वा



संगठित समूहले यही प्रणाली कसरी काम गर्छ भन्ने बुझेर त्यसलाई कृत्रिम रूपमा प्रभावित गर्न खोज्छन् ।

### डिजिटल म्यानिपुलेसन कसरी हुन्छ ?

डिजिटल म्यानिपुलेसन भनेको अनलाइनमा देखिने सूचना, लोकप्रियता वा जनमतलाई कृत्रिम रूपमा प्रभावित गर्ने प्रयास हो । नक्कली अकाउन्ट, बोट, लाइक फार्म वा योजनाबद्ध शेयरमार्फत कुनै सामग्री वास्तविकभन्दा धेरै लोकप्रिय देखाउन सकिन्छ ।

डिजिटल म्यानिपुलेसनको सबैभन्दा सजिलो रूप कृत्रिम सहभागिता हो । लाइक फार्म भन्नाले लाइक्स, फलोअर्स, कमेन्ट्स वा भ्युज कृत्रिम रूपमा बढाउने सञ्जाल भनेर बुझिन्छ । कतै वास्तविक मानिसले धेरै अकाउन्ट चलाउन सक्छन्, कतै स्वचालित बोट्स प्रयोग हुन सक्छन् र कतै दुवैको मिश्रण हुन्छ ।

कुनै राजनीतिक दल, सामाजिक अभियान वा संस्थाले आफ्ना हजारौं वास्तविक समर्थकलाई एउटै सामग्री शेयर गर्न आग्रह गर्नु समन्वित गतिविधि (कोअर्डिनेटेड एक्टिभिटी) हुन सक्छ, तर त्यो स्वतः फेक हुँदैन । समस्या तब हुन्छ, जब वास्तविक जनसमर्थनको भ्रम दिन नक्कली अकाउन्ट, गलत पहिचान वा डिसेप्टिभ नेटवर्क प्रयोग गरिन्छ । यस्तो गतिविधिलाई प्रायः कोअर्डिनेटेड इनअथेन्टिक बिहेभियर (सीआईबी) को सन्दर्भमा बुझिन्छ । यसको उद्देश्य एउटा मात्र हुँदैन ।

कहिलेकाहीँ एल्गोरिदमलाई 'यो कन्टेन्ट अचानक लोकप्रिय भइरहेको छ' भन्ने संकेत दिन खोजिन्छ, कहिलेकाहीँ मानिसलाई नै 'सबैले यही सोचिरहेका छन्' भन्ने अनुभूति दिन खोजिन्छ । यही मनोवैज्ञानिक प्रभावलाई सोसल प्रुफ भनिन्छ । मानिसमा अरु धेरै मानिसले मन पराएको, शेयर गरेको वा समर्थन गरेको कुरा बढी विश्वसनीय वा लोकप्रिय हुन सक्छ भन्ने स्वाभाविक प्रवृत्ति हुन्छ । त्यसैले फेक इन्गेजमेन्टले एल्गोरिदम मात्र होइन, मानिसको धारणा पनि प्रभावित गर्न सक्छ ।

डिजिटल म्यानिपुलेसन लाइक्स र फलोअर्समा मात्र सीमित हुँदैन । पुरानो भिडियो नयाँ घटनाको भनेर प्रस्तुत गर्न सकिन्छ । लामो अन्तर्वार्ताको केही सेकेन्ड मात्र काटेर मूल अर्थ नै बदल्न सकिन्छ । सेन्सेसनल हेडलाइन राखेर तथ्यभन्दा भावना उत्तेजित गर्न सकिन्छ ।

एउटै न्यारेटिभ दर्जनौं पेज, अकाउन्ट र च्यानलबाट बारम्बार दोहोर्‍याइयो भने त्यो विचार वास्तविकताभन्दा धेरै व्यापक छ भन्ने भ्रम पर्न सक्छ । यहाँ मिसइन्फर्मेसन र डिसइन्फर्मेसनबीचको फरक पनि बुझ्न आवश्यक छ । कुनै व्यक्तिले गलत कुरा सत्य ठानेर अनजानमै शेयर गर्‍यो भने त्यो मिसइन्फर्मेसन हुन सक्छ । तर, भ्रम सिर्जना गर्ने उद्देश्यले जानीजानी गलत वा भ्रामक सामग्री बनाइयो वा फैलाइयो भने त्यो डिसइन्फर्मेसन हो । दुवै हानिकारक हुन सक्छन्, तर दोस्रोमा नियोजित उद्देश्य जोडिएको हुन्छ ।

### एआई र डिपफेकले थपेको नयाँ चुनौती

जेनेरेटिभ एआईको तीव्र विकाससँगै समस्या अझ जटिल भएको छ । आज एआई-जेनरेटेड इमेज, सिन्थेटिक भोइस र डिपफेक भिडियो बनाउन पहिलेभन्दा धेरै सजिलो छ । कुनै सार्वजनिक व्यक्तिले कहिल्यै नबोलेको कुरा बोलेको जस्तै अडियो बनाउन सकिन्छ ।कुनै वास्तविक भिडियोको दृश्य वा आवाज परिवर्तन गर्न सकिन्छ । वास्तविक फोटोजस्तै देखिने पूर्ण कृत्रिम फोटो बनाउन सकिन्छ । यसपछि 'यो समाचार सत्य हो कि झुटो ?' भन्ने प्रश्न मात्र पर्याप्त हुँदैन । अब सोध्नुपर्ने हुन्छ- कन्टेन्ट कहाँबाट सुरु भयो ? ओरिजिनल सोर्स के हो ? कसले फैलायो ? कति छिटो फैलियो ? पुरानो सामग्रीलाई नयाँ सन्दर्भ दिइएको हो कि होइन ? र एल्गोरिदमले त्यसको पहुँच कति बढायो ?

डिजिटल भेरिफिकेसन अब कन्टेन्ट मात्र हेर्ने विषय रहेन; यसको उत्पत्ति (ओरिजिन), सन्दर्भ (कन्टेक्स्ट) र प्रसारको ढाँचा (डिस्ट्रिब्युसन प्याटर्न) पनि हेर्नुपर्ने भएको छ ।

### एल्गोरिदमिक एम्प्लिफिकेसन (एल्गोरिदमद्वारा प्रभाव विस्तार)

कुनै कन्टेन्टले सुरुमा राम्रो प्रतिक्रिया पाएपछि रेकमेन्डेसन सिस्टमले त्यसलाई थप मानिससम्म पुर्‍याउने सम्भावना बढ्न सक्छ । यस प्रक्रियालाई सामान्य अर्थमा एल्गोरिदमिक एम्प्लिफिकेसन भन्न सकिन्छ । यही ठाउँ म्यानिपुलेसनका लागि आकर्षक हुन्छ ।

सुरुमै कृत्रिम लाइक्स, कमेन्ट्स, भ्युज वा कोअर्डिनेटेड शेयरिङ उत्पन्न गर्न सकियो भने एल्गोरिदमले कन्टेन्टलाई चासोको विषय ठान्न सक्ने सम्भावना हुन्छ । त्यसपछि त्यही सामग्री वास्तविक प्रयोगकर्तासम्म पनि पुग्न थाल्न सक्छ । तर, एउटा सावधानी आवश्यक छ- लाइक्स मात्र एल्गोरिदमको आधार होइन ।

हेरिएको समय (वाच टाइम), सामग्री साझा गर्ने प्रवृत्ति (शेयरिङ बिहेभियर), कमेन्ट, अघिल्लो अन्तर्क्रिया (प्रिभियस इन्टर्‍याक्सन), सामग्रीको सान्दर्भिकता (कन्टेन्ट रेलेभेन्स) र अन्य धेरै आधार रेकमेन्डेसन सिस्टमले प्रयोग गर्न सक्छ । कुन आधारको कति भार हुन्छ भन्ने कुरा प्लेटफर्म, प्रयोगकर्ता र समयअनुसार बदलिन सक्छ र यसको पूर्ण फर्मुला सार्वजनिक गरिएको छैन ।

त्यस्तै, अचानक धेरै इन्गेजमेन्ट आउनुलाई मात्र म्यानिपुलेसनको प्रमाण मान्नु पनि गलत हुन्छ । ब्रेकिङ न्युज, प्राकृतिक विपत्ति, ठूलो राजनीतिक घटना, खेलकुदको महत्त्वपूर्ण नतिजा वा चर्चित व्यक्तिसँग सम्बन्धित घटनाले स्वाभाविक रूपमा केही मिनेटमै ठूलो प्रतिक्रिया ल्याउन सक्छ । अर्थात् इन्गेजमेन्ट भेलोसिटी असामान्य छ भन्दैमा कन्टेन्ट फेक छ भन्ने निष्कर्ष निकाल्न सकिँदैन । त्यसका लागि इन्गेजमेन्टको स्रोत र ढाँचा (प्याटर्न) पनि हेर्नुपर्छ ।

### अर्ग्यानिक भाइरल र म्यानुयाक्चर्ड भाइरलबीचको फरक

हरेक भाइरल कन्टेन्ट म्यानिपुलेटेड हुँदैन । कुनै भिडियो वास्तविक जनचासोका कारण मानिसबाट मानिसमा स्वाभाविक रूपमा फैलिन सक्छ । यसलाई सामान्य अर्थमा अर्ग्यानिक भाइरलिटी भन्न सकिन्छ ।

अर्कोतर्फ सशुल्क प्रचार (पेड प्रमोसन), समन्वित सञ्जालहरू (कोअर्डिनेटेड नेटवर्क्स), बोट्स वा कृत्रिम इन्गेजमेन्टको प्रारम्भिक धक्काले कन्टेन्ट माथि आउन सक्छ । यसलाई म्यानुफ्याक्चर्ड भाइरलिटीको रूपमा बुझ्न सकिन्छ ।

बाहिरबाट हेर्दा दुवै कन्टेन्टमा लाखौं भ्युज देखिन सक्छन् । तर, एउटा वास्तविक सार्वजनिक चासोबाट बढेको हुन सक्छ, अर्को कृत्रिम रूपमा सुरु गरिएको हुन सक्छ । त्यसैले लाइक्स वा भ्युजको अन्तिम संख्या मात्र होइन, कन्टेन्ट कसरी फैलियो भन्ने विस्तारको दिशा (ट्राजेक्टोरी) महत्त्वपूर्ण हुन्छ ।

### फिल्टर बबल र इको चेम्बर

रेकमेन्डेसन सिस्टमले सिर्जना गर्न सक्ने अर्को समस्या फिल्टर बबल र इको चेम्बर हो । कुनै व्यक्तिले लगातार एउटै विचारका कन्टेन्ट हेर्छ, त्यसमै प्रतिक्रिया दिन्छ र त्यस्तै पेज फलो गर्छ भने उसलाई बिस्तारै त्यस्तै, सामग्री बढी देखिन सक्छ । फरक विचारका कन्टेन्ट कम देखिन थाल्न सक्छन् ।

यसले अनिवार्य रूपमा उसको विचार परिवर्तन गर्छ भन्ने छैन । तर, एउटै विचार बारम्बार देखिँदा मानिसलाई 'सबैले यही सोचिरहेका छन्' भन्ने लाग्न सक्छ । आफ्नो सोसल मिडिया फिडलाई सम्पूर्ण समाजको प्रतिनिधि ठान्नु यही कारणले जोखिमपूर्ण हुन्छ । डिजिटल प्लेटफर्ममा हामीले देखिरहेको समाज वास्तविक समाजको पूर्ण तस्वीर नहुन सक्छ ।

अब चाहिएको डिजिटल साक्षरता मात्र होइन, एल्गोरिदमिक साक्षरता पनि हो

नेपालमा डिजिटल साक्षरतालाई लामो समयसम्म स्मार्टफोन चलाउन जान्ने, फेसबुक प्रयोग गर्ने वा गुगल सर्च गर्न सक्ने क्षमताका रूपमा बुझियो । अब त्यो पर्याप्त छैन । आजको डिजिटल साक्षरतामा एल्गोरिदम साक्षरता पनि जोडिनुपर्छ । आफूले देखिरहेको कन्टेन्ट किन देखिरहेको छु भन्ने प्रश्न सोध्ने बानी त्यसको पहिलो चरण हो ।

यो कन्टेन्टको मूल स्रोत के हो ? पुरानो भिडियो नयाँ घटनाको भनेर त प्रस्तुत गरिएको छैन ? स्पोन्सर्ड हो कि अर्ग्यानिक ? अरु विश्वासनीय स्रोतले पनि यही कुरा भनेका छन् ? मलाई किन लगातार एउटै प्रकृतिका विचार देखिइरहेका छन् ? यसको लोकप्रियता वास्तविक हो कि कृत्रिम रूपमा बढाइएको छ ? यस्ता सामान्य प्रश्नले पनि म्यानिपुलेसनको प्रभाव धेरै कम गर्न सक्छन् ।

भाइरल हुनु सत्यताको प्रमाण होइन, ट्रेन्डिङ हुनु व्यापक जनमतको प्रतिविम्ब होइन, र धेरै लाइक आउनु वास्तविक लोकप्रियताको अन्तिम मापदण्ड होइन ।

### एल्गोरिदमसँग डराउने होइन, जवाफदेही बनाउने हो

एल्गोरिदम आधुनिक इन्टरनेटको अनिवार्य हिस्सा हो । करोडौं कन्टेन्टबाट प्रयोगकर्ताका लागि केही सामग्री छान्न रेकमेन्डेसन सिस्टम आवश्यक पनि छ । त्यसैले समाधान एल्गोरिदम बन्द गर्नु होइन । मुख्य प्रश्न यसको पारदर्शिता (ट्रान्सपरेन्सी) र जवाफदेहिता (अकाउन्टेबिलिटी) हो ।

नेपालमा सोसल मिडिया नियमनको बहस प्रायः रजिस्ट्रेसन, साइबरक्राइम, कन्टेन्ट रिमुभल वा प्लेटफर्म प्रतिबन्धवरिपरि केन्द्रित हुने गरेको छ । तर, आगामी वर्षहरूमा अझ गम्भीर प्रश्न उठ्नेछन् । राजनीतिक र अन्य विज्ञापनको पैसा कहाँबाट आयो ? कसलाई टार्गेट गरियो ? कोअर्डिनेटेड इनअथेन्टिक बिहेभियर कसरी पहिचान गर्ने ? एआई-जेनरेटेड राजनीतिक र अन्य कन्टेन्ट कसरी चिनाउने ? प्लेटफर्मले नेपाली भाषाका कन्टेन्ट कति प्रभावकारी रूपमा नियन्त्रण वा व्यवस्थापन (मोडरेट) गर्छ ? कुनै कन्टेन्टले किन असाधारण रूपमा प्रभाव बढ्यो भन्ने विषयमा अनुसन्धानकर्ता र नियामक निकायले आवश्यक डाटा पाउन सक्छन् कि सक्दैनन् ?

यी केवल प्रविधिका प्रश्न होइनन् । यी लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता, निष्पक्ष सार्वजनिक बहस र नागरिकको सूचना पाउने अधिकारसँग जोडिएका प्रश्न हुन् । डिजिटल युगको सबैभन्दा महत्त्वपूर्ण प्रश्न अब जनताले के हेरे भन्ने मात्र होइन । उनीहरूलाई के देखाइयो, किन देखाइयो, र त्यो देखाउने निर्णय कसले वा कुन एल्गोरिदमले गर्‍यो भन्ने हो । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको हो ।

# युद्धका बेला चुनाव गराउँदा युक्रेन विभाजित हुने जेलेन्स्कीको चेतावनी



एएफपी । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी आक्रमण जारी रहेका बेला देशमा चुनाव गराउनु निकै जोखिमपूर्ण हुने बताउनुभएको छ । पूर्वरक्षामन्त्रीले चुनाव गराउनुपर्ने माग गरेपछि उहाँले यस्तो प्रतिक्रिया दिनुभएको हो ।“यस्तो युद्धका बेला चुनाव गराउनु आफैँमा ठूलो जोखिम हो । अहिलेको अवस्थामा चुनाव गराउनु देशका लागि सुनामीसरह हुनेछ, जसले युक्रेनलाई विभाजित गर्नेछ”, जेलेन्स्कीले भन्नुभयो ।

रुसी सेनाविरुद्ध युद्धमा केन्द्रित युक्रेनले ‘मार्शल ल’ लागू भएपछि चुनाव स्थगित गरेको छ । जनताले पनि अहिले चुनाव नगराउने निर्णयलाई व्यापक समर्थन गरेको बताइएको छ ।

“यदि हामी देशलाई ध्वस्त पार्न चाहन्छौँ भने मात्रै युद्धका बेला चुनाव गराउने दिशामा अघि बढ्न सक्छौँ”, ४८ वर्षीय जेलेन्स्कीले भन्नुभयो ।उहाँले शनिबार एएफपीलगायत सञ्चारमाध्यमका पत्रकारसँग ब्रिफिङ गर्नुभएको थियो ।

विभिन्न राजनीतिक विवादबीच महिनौँपछि भएको यो पहिलो पत्रकार भेटघाट हो ।

जेलेन्स्कीले पूर्वरक्षामन्त्री मिखाइलो फेडोरोभलाई पदबाट हटाएपछि युक्रेनमा राजनीतिक विवाद चर्किएको थियो । फेडोरोभले यसै साता चुनाव गराउने उपाय खोज्नुपर्ने माग गर्नुभएको थियो । यद्यपि, उहाँले त्यसका लागि कुनै ठोस कार्ययोजना प्रस्तुत गर्नुभएको थिएन ।

विशेषज्ञहरूले युद्धका बेला चुनाव गराउँदा सैनिक, विदेशमा रहेका लाखौँ युक्रेनी नागरिक तथा रुसी नियन्त्रणमा रहेका क्षेत्रका बासिन्दाले कसरी मतदान गर्ने भन्ने प्रश्न उठाएका छन् । साथै, रुसबाट हुन सक्ने गलत सूचना प्रवाहको जोखिम पनि रहेको उनीहरूको भनाइ छ ।

‘किभ इन्टरनेसनल इन्स्टिच्युट अफ सोसियोलोजी’को सर्वेक्षणअनुसार केबल १५ प्रतिशत युक्रेनी नागरिक युद्ध समाप्त हुनुअघि चुनाव गराउने पक्षमा छन् ।

ब्रिफिङका क्रममा जेलेन्स्कीले फेडोरोभको आलोचना गर्दै उहाँ “गलत दिशातर्फ अघि बढिरहेको वा कसैले त्यसतर्फ धकेलिरहेको”, टिप्पणी गर्नुभयो ।

जेलेन्स्कीले विरोध प्रदर्शन गर्ने अधिकार सबैलाई भए पनि सैनिकप्रति अनादरपूर्ण व्यवहार नगर्न आग्रह गर्नुभयो । उहाँले समाज र सेनाबीच विभाजन हुन नहुने बताउँदै यस्तो विभाजनले देशलाई थप जोखिममा पार्न सक्ने चेतावनी दिनुभयो ।

# अमेरिकी ‘आर्थिक दबाब अभियान’ मा सहभागी नहुन इरानको चेतावनी



एएफपी । इरानका एक वरिष्ठ सुरक्षा अधिकारीले छिमेकी तथा अन्य मुलुकहरूलाई इरानविरुद्धको अमेरिकी ‘आर्थिक दबाब अभियान’मा सहभागी नहुन चेतावनी दिनुभएको छ । उहाँले अमेरिकी अभियानमा साथ दिने मुलुकलाई तेहरानले ‘ शत्रु’का रूपमा व्यवहार गर्ने बताउनुभएको छ ।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले सरकारी प्रसारक आईआरआईबी टिभीसँगको अन्तर्वार्तामा इरानले सुरुमा सम्बन्धित मुलुकसँग वार्ता गरी अमेरिकाले सञ्चालन गरेको भनिएको ‘आर्थिक युद्ध’मा सहभागी नहुन आग्रह गर्ने बताउनुभयो ।

ती मुलुकले अमेरिकी अभियानलाई समर्थन गरिरहेमा इरानले उनीहरूको हितविरुद्ध कारबाही गर्ने उहाँले चेतावनी दिनुभयो । क्षेत्रीय मुलुकले अमेरिकी दबाब अभियानलाई समर्थन गरेमा होर्मुज जलसन्धि र फारसी खाडी हुँदै हुने तेल निर्यात रोक्ने उहाँले बताउनुभयो ।

रेजाईले जुनमा तेहरान र वासिङ्टनबीच भएको समझदारीपत्र (एमओयू) अन्तर्गत अमेरिकाले आफ्ना प्रतिबद्धता पूरा नगरेसम्म होर्मुज जलसन्धि बन्द रहने दाबीसमेत गर्नुभयो ।

उहाँको भनाइ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार इरानलाई सहयोग गर्ने कुनै पनि मुलुकविरुद्ध ‘ हालसम्मकै कठोर आर्थिक कारबाही’ गर्ने घोषणा गरेपछि आएको हो ।

ट्रम्पले सामाजिक सञ्जाल ‘ट्रुथ सोसल’मा यस्तो कारबाही ‘ अभूतपूर्व स्तरको आर्थिक युद्ध र एक्ल्याउने प्रयास’ हुने बताउनुभएको थियो ।

# मेस्सीको गोलका बाबजुद मियामी पराजित



एजेन्सी । लियोनल मेस्सीले गोल गरे पनि इन्टर मियामीले मेजर लिग सकर (एमएलएस) मा खराब लयलाई रोक्न असफ भए ।

शनिबार टोरन्टो एफसीसँग २-१ ले पराजित मियामीले पछिल्ला ५ खेलमा चौथो हार बेहोरेको हो। टोरन्टोले दोस्रो हाफमा ३ मिनेटको अन्तरमा २ गोल गर्दै खेल आफ्नो पक्षमा पारेको थियो। जोस सार्जेन्टले ६४औँ मिनेटमा गोल गर्दै टोरन्टोलाई अग्रता दिलाए भने त्यसको ३ मिनेटपछि डेरिक एटियन जुनियरले गोल थपे ।

मियामीका लागि मेस्सीले निर्धारित समय सकिन ८ मिनेट बाँकी रहँदा गोल फर्काए । रोड्रिगो डे पाउलको उत्कृष्ट पासलाई पहिलो टचमै सदुपयोग गर्दै मेस्सीले गोल गरे पनि टोलीलाई हारबाट जोगाउन त्यो पर्याप्त भएन। यो मेस्सीको यस सिजनको १४औँ गोल हो ।

टोरन्टोविरुद्धको हारसँगै मियामीको एमएलएसमा जितविहीन यात्रा लम्बिएको छ । पछिल्लो पटक मियामीले लिगमा जित हात पारेको करिब एक महिना भइसकेको छ ।

यसबीच टोली लिग्स कपबाट पहिलो चरणमै बाहिरिएको थियो भने नासभिल एससीसँग ४-१ को फराकिलो हार बेहोरेको थियो । फिलाडेल्फिया युनियनसँग भने २-२ को बराबरी खेलेको थियो ।

खराब नतिजाका कारण इर्स्टन कन्फ्रेन्स पूर्वी सम्मेलनको शीर्ष स्थानमा रहेको नासभिलले मियामीमाथि १० अंकको अग्रता बनाएको छ । मियामी दोस्रो स्थानमा रहे पनि प्लेअफमा शीर्ष चारभित्र रहनुपर्ने दबाब बढेको छ ।

प्रशिक्षक गुइलेर्मो होयोसले पछिल्लो समय टोली नतिजाका लागि संघर्ष गरिरहेको स्वीकार गर्दै हारको जिम्मेवारी आफूले लिने बताए ।

‘हामी अहिले नतिजाका लागि संघर्ष गरिरहेका छौँ । यसले हाम्रो मानसिकतामा असर गरेको छ। हारको शृंखला चलिरहेका बेला यसको जिम्मेवारी मेरो हो ।’ होयोसले भने, ‘हामीले मिलेर परिस्थितिलाई सकेसम्म छिटो परिवर्तन गर्नुपर्छ ।’

उता, टोरन्टो भने लगातार चौथो खेलमा अपराजित रहँदै प्लेअफको सम्भावना बलियो बनाएको छ । शनिबारको जित उसको यस सिजनको २१ एमएलएस खेलमा पाँचौँ जित हो ।

टोरन्टोका सार्जेन्टले टोलीले पछिल्ला खेलमा राम्रो लय समातेको बताउँदै यही प्रदर्शनलाई निरन्तरता दिने लक्ष्य रहेको बताएका छन् ।

# युद्धबीच इरानले ‘धेरै समस्या’ भोगिरहेको राष्ट्रपति पेजेस्कियानद्वारा स्वीकार



एएफपी । युद्धबीच इरानी नागरिकहरू अहिले ‘धेरै समस्या’ सँग जुधिरहेका इरानी राष्ट्रपति मसूद पेजेस्कियानले आइतबार स्वीकार गर्नुभएको छ। अमेरिकाले नयाँ प्रतिबन्धको श्रृङ्खला ल्याएर इरानको अर्थतन्त्रलाई थप सङ्कटग्रस्त बनाउन खोजेपछि उहाँको यो भनाइ सार्वजसनक भएको हो ।

“म बुझ्छु कि अहिले समाजमा धेरै समस्या छन् । हामी सकेसम्म यी समस्या रोक्न प्रयास गरिरहेका छौँ,” पेजस्कियानले राष्ट्रिय टेलिभिजनमा प्रसारित एक भिडियो सम्बोधनमा भन्नुभयो ।

उहाँको यो टिप्पणी अमेरिकाले गत हप्ता इरानी शासनलाई ‘पतन’ तर्फ धकेल्ने लक्ष्यसहित नयाँ प्रतिबन्ध अभियान घोषणा गरेपछि आएको हो । दुई देशबीच युद्ध सुरु भएको करिब छ महिना बितिसकेको छ ।

उहाँले भन्नुभयो, “अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका कारण इरानले अहिले ‘पूर्ण आर्थिक, सैन्य र सुरक्षा युद्ध’ को सामना गरिरहेको छ ।

“ट्रम्प प्रशासनले इरानमाथि सबैभन्दा कडा र डरलाग्दो प्रतिबन्ध लगाइरहेको छ,” पेजेस्कियानले भन्नुभयो ।

इरानी सरकारले पछिल्ला वर्षहरूमा धेरै पटक ठूला जनप्रदर्शनको सामना गर्नुपरेको छ । यी प्रदर्शनहरू प्रायः आर्थिक कठिनाइ मुद्रास्फीति र विनिमय दरको उतारचढावले क्रयशक्ति घटेका कारणबाट सुरु हुने गर्छन् ।

गत डिसेम्बरको अन्त्यतिर जीवनयापनको खर्च बढेपछि सुरु भएको विरोध प्रदर्शनले सत्ताविरुद्ध ठूलो दवाव दिएको थियो। हजारौँ प्रदर्शनकारीसहित सयौँ अधिकारीको पनि उक्त आन्दोलनका क्रममा मृत्यु भएको थियो ।

अधिकारिहरूले उक्त हिंसामा तीन हजारभन्दा बढी मानिसको मृत्यु भएको बताएका थिए र अमेरिका तथा इजरायललाई हिंसा उक्साएको आरोप लगाएका थिए । तर विदेशस्थित इरानी गैरसरकारी संस्थाहरूले भने अधिकारीहरूले निर्दयी दमन गरेर हजारौँ मानिसको ज्यान लिएको दाबी गरेका थिए ।

“हामी दिलदेखि प्रयास गरिरहेका छौँ कि मुद्रास्फीती, जीवनयापनका समस्या, बेरोजगारी जस्ता कुराहरूलाई जित्न सकियोस् र जनताको भविष्य सुरक्षित होस्, ताकि उनीहरू सम्मान र गर्वका साथ बाँच्न सकून्,” पेजेस्कियानले आइतबार भन्नुभयो ।

# १४ औँ साग चैतमा, २८ खेल समावेश गरिने !



काठमाण्डु । पाकिस्तानमा हुने १४औँ दक्षिण एसियाली खेलकुद (साग) २०२७ को मिति र खेल संख्या तय भएको जनाएको छ ।

पाकिस्तानको इस्लामाबादमा बसेको दक्षिण एसिया ओलम्पिक काउन्सिल (एसएओसी) को कार्यकारी समितिको बैठकले मिति र खेल टुंगो लगाएको हो ।

१४ औँ साग चैत २० देखि २८ गते (सन् २०२७ को अप्रिल ३ देखि ११) सम्म आयोजना हुनेछ। प्रतियोगितामा बंगलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका खेलाडीले सहभागिता जनाउने अपेक्षा गरिएको छ। १४ औँ सागको यसअघि मिति तय भएपनि हुन सकेन ।

प्रतियोगितामा कुल २८ खेल समावेश गरिने निर्णय भएको एनओसीले जनाएको छ। जसमा एथलेटिक्स, पौडी, आर्चरी, ब्याडमिन्टन, बास्केटबल (३ह३ र ५ह५), बिलियड्‌र्स एन्ड स्नूकर (पुरुष), बक्सिङ, क्रिकेट, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल/बिच ह्यान्डबल (पुरुष) समावेश गरिने छ ।

त्यस्तै जुडो, हक्की, कबड्डी, कराते, रोइङ, रग्बी (पुरुष), सुटिङ, स्क्वास, टेबल टेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भलिबल/बिच भलिबल (पुरुष), भारोत्तोलन, कुस्ती र उसु रहेका छन् ।

‘दक्षिण एसियामा एकता, खेलकुदमा शक्ति’ भन्ने नार ासहित आयोजना हुने १४औँ सागले ‘एक भावना, एक क्षेत्र, एक दृष्टिकोण’ को भावनाका साथ दक्षिण एसियाली राष्ट्रका खेल समुदायलाई एकै ठाउँमा ल्याउने लक्ष्य राखेको बताइएको छ ।

सो बैठकमा नेपालकोतर्फबाट ओलम्पिक कमिटी(एनओसी) अध्यक्ष जीवनराम श्रेष्ठ, उपाध्यक्ष चतुरानन्द राज वैद्य तथा राष्ट्रिय खेलकुद परिषद (राखेप) की कार्यकारी सदस्य सिक्का सुवाल श्रेष्ठ सहभागी भएका छन् ।

# टोकियो क्षेत्रमा भूकम्पको धक्का, ३७ जना घाइते



एएफपी । जापानको पूर्वी क्षेत्रमा आइतबार बिहान पाँच दशमलव नौ म्याग्निच्युडको भूकम्प गएको छ । भूकम्पमा टोकियोसहित पाँच प्रिफेक्चरमा कम्तीमा ३७ जना घाइते भएका छन् । अधिकारीहरूले सुनामीको खतरा नरहेको बताएका छन् ।

जापान मौसम विज्ञान एजेन्सीका अनुसार भूकम्पको केन्द्रबिन्दु दक्षिणी इबाराकी प्रान्तमा ७० किलोमिटर गहिराइमा रहेको थियो । अमेरिकी भूगर्भ सर्वेक्षणले भने भूकम्प पाँच दशमलव आठ म्याग्निच्युड रहेको जनाएको छ ।

प्रिफेक्चरल अधिकारीहरू र अग्नि तथा विपद् व्यवस्थापन निकायका अनुसार टोकियोमा १५, साइतामामा नौ, कानागावामा आठ, चिबामा चार र इबाराकीमा एक जना घाइते भएका छन् । अधिकांश घाइते भूकम्पका बेला लड्दा वा फर्निचर तथा ढोकामा ठोक्किँदा चोट लागेको बताइएको छ ।

कानागावा प्रान्तको योकोहामामा ८० वर्षीया एक महिला ओछ्यानबाट लडेर गम्भीर रूपमा घाइते भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

भूकम्पका कारण टोकियो र नारिता विमानस्थल जोड्ने एक्सप्रेस रेल तथा उत्तरपूर्वी क्षेत्रमा सञ्चालन हुने केही स्थानीय रेल सेवामा ढिलाइ भएको थियो । यद्यपि, शिन्कानसेन बुलेट रेल सेवा सामान्य रूपमा सञ्चालन भएको पूर्वी जापान रेलवे कम्पनीले जनाएको छ ।

प्रधानमन्त्री साने ताकाइचीले सम्भावित क्षतिको मूल्याङ्कन गर्न सरकारले कार्यदल गठन गरेको बताउनुभयो । जापान मौसम विज्ञान एजेन्सीले भूकम्प प्रभावित क्षेत्रका बासिन्दालाई आगामी एक सातासम्म थप मध्यम खालका भूकम्प आउन सक्ने भन्दै सतर्क रहन आग्रह गरेको छ ।

टोकियोको कोटो वार्डमा भूमिगत पानीको पाइप फुटेर सडकमा पानी बगेको थियो । पाइप मर्मत गरी चुहावट रोकिएको छ । आणविक नियमन प्राधिकरणले देशका आणविक ऊर्जा केन्द्र तथा अन्य आणविक सामग्रीसम्बन्धी सुविधाबाट कुनै असामान्य अवस्थाको रिपोर्ट नभएको जनाएको छ ।

## मध्यस्थता प्रक्रियालाई सक्रिय बनाउन पाकिस्तानी सेना प्रमुख इरान भ्रमणमा

एएफपी । पाकिस्तानका शक्तिशाली सेना प्रमुख आसिम मुनीरले सोमबार तेहरानको भ्रमण गर्नुहुने इरानको विदेश मन्त्रालयले जानकारी दिएको छ ।

इस्लामाबादले मध्य पूर्व युद्धको समाधानका लागि मध्यस्थताको प्रयास गरिरहेको बेला यो भ्रमण हुन लागेको हो ।


मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले आइतबार विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, “मुनीरले पाकिस्तानी प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सोमबार तेहरान आउने कार्यक्रम तय भएको छ। यो भ्रमण ‘इरान-पाकिस्तान द्विपक्षीय सहयोग सुदृढ पार्ने प्रयासको अंश’ हो ।

यो ‘मध्यपूर्वमा शान्ति र सुरक्षा मजबुत बनाउन पाकिस्तानले गरिरहेको निरन्तर प्रयास’ का साथै दुईपक्षीय मित्रतालाई थप सुमधुर बनाउने कुटनीतिक अवसर हो ।

पाकिस्तानले इरान र अमेरिकाबीचको युद्ध रोक्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। जुन महिनामा उसले समझदारी पत्र (एमओयू) गराउन मध्यस्थता गरेको थियो। तर अहिले शान्ति वार्ता अवरूद्ध भएकोजस्तो देखिएको छ ।

यस महिनाको सुरुमा पाकिस्तानले साउदी अरब र टर्कीसँग संयुक्त रक्षा सम्झौता गरेको थियो । केही विश्लेषकहरूले यसलाई इरानी प्रभावलाई सन्तुलनमा राख्ने उद्देश्यले गरिएको कदम भनेका छन् ।

# भारतका केएस भरतले काठमाडौँबाट एनपिएल खेल्ने



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) टोली काठमाण्डु गोर्खाजले पहिलो विदेशी खेलाडीको रूपमा भारतका विकेटकिपर/ब्याटर केएस भरतलाई अनुबन्ध गरेको छ । काठमाडौँले तेस्रो संस्करणको एनपिएलका लागि उनलाई अनुबन्ध गरेको हो ।

भारतीय घरेलु क्रिकेटका अनुभवी खेलाडी भरतले आफ्नो देशका लागि सातवटा टेष्ट खेलेका छन् । उनले दिल्ली क्यापिटल्स र रोयल च्यालेन्जर्स बैँगलुरुबाट इण्डियन प्रिमियर लिग (आइपिएल) समेत खेलिसकेका छन् । उनले प्रथम श्रेणी क्रिकेटमा छ हजारभन्दा बढी रन बनाएका छन् ।

भरतले यही वर्षको जुन महिनामा अन्तरराष्ट्रिय क्रिकेटबाट सन्यास लिएका थिए । अनुभवी खेलाडी भरतको आगमनले टोली थप बलियो बनेको काठमाडौँ गोर्खाजले जनाएको छ ।

“भारतका अन्तरराष्ट्रिय खेलाडी केएस भरतले आफ्नो देशका लागि टेस्ट क्रिकेट खेलिसकेका छन् । विकेट पछाडि धैर्य र संयमका लागि परिचित भरतले टोलीमा अनुभव, विश्वासनीयता र सुरक्षित विकेट किपिङ ल्याउने छन्”, काठमाडौँ गोर्खाजले उनलाई सार्वजनिक गर्दै सामाजिक सञ्जालमा लेखेको छ ।

एनपिएलको तेस्रो संस्करण आउँदो कात्तिक ९ गतेदेखि मङ्सिर ५ गतेसम्म काठमाडौँमा आयोजना हुने तय भएको छ । रासस

# टेस्लाले सेप्टेम्बर ३ मा ‘साइबरक्याब’रोबोट्याक्सी सार्वजनिक गर्ने

एएफपी । अमेरिकी विद्युतीय सवारी निर्माता टेस्लाले सेप्टेम्बर ३ मा टेक्सासको अस्टिनमा आफ्नो ‘साइबरक्याब’ रोबोट्याक्सी सार्वजनिक गर्ने तयारी गरेको मिडिया रिपोर्टहरूले जनाएका छन् ।

टेस्लाकेन्द्रित समाचार संस्था ‘टेस्लाराटी’का अनुसार उक्त कार्यक्रम कम्पनीको मुख्यालय रहेको अस्टिनमा आयोजना हुनेछ । संस्थाले कार्यक्रमको निमन्त्रणा प्राप्त भएको दाबी गरेको छ । यद्यपि, टेस्लाले कार्यक्रमको मिति आधिकारिक रूपमा पुष्टि गरेको छैन ।

साइबरक्याब विशेष रूपमा स्वायत्त सञ्चालनका लागि डिजाइन गरिएको सवारी साधन हो । यसमा स्टेयरिङ ह्वील र पेडल राखिएको छैन र पूर्ण रूपमा स्वचालित सञ्चालनका लागि टेस्लाको ‘सेल्फ ड्राइभिङ’ सफ्टवेयरमा निर्भर रहनेछ ।

टेस्लाका प्रमुख कार्यकारी अधिकृत एलन मस्कले यसअघि साइबरक्याब निजी ग्राहकलाई प्रतिएकाइ ३० हजार अमेरिकी डलरभन्दा कम मूल्यमा बिक्री गर्ने योजना रहेको बताउनुभएको थियो ।

सन् २०२४ को अक्टोबरमा पहिलो पटक सार्वजनिक गरिएको साइबरक्याब टेस्लाको रोबोट्याक्सीसम्बन्धी योजनाको प्रमुख हिस्सा हो । कम्पनीले यसलाई ‘मोडल वाई’ सवारीसँगै स्वायत्त यात्रु सेवामा प्रयोग गर्ने योजना बनाएको छ । मोडल वाईका केही सवारी एक वर्षभन्दा बढी समयदेखि वास्तविक सडकमा स्वायत्त यात्रु सेवा परीक्षणमा प्रयोग हुँदै आएका छन् ।

प्रविधि प्रकाशन ‘द इन्फर्मेसन’का अनुसार टेस्लाले व्यावसायिक रोबोट्याक्सी सेवा सुरु गर्नुअघि साइबरक्याबमार्फत आफ्ना कर्मचारीलाई सार्वजनिक सडकमा सेवा उपलब्ध गराउने योजना बनाएको छ ।

रोबोट्याक्सी सेवा टेस्लाको भविष्यको राजस्व तथा कृत्रिम बुद्धिमत्ता (एआई) रणनीतिको महत्त्वपूर्ण हिस्सा हुने अपेक्षा गरिएको छ ।

# पर्यटन प्रवर्द्धनका लागि नाट्टा र टिवानबीच सहकार्य गरिने

काठमाण्डु । नेपालको पर्यटन प्रवर्द्धनका लागि नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) र टुरिष्ट बस एसोसिएसन अफ नेपाल (टिवान)बीच सहकार्य हुने भएको छ ।

टिवानले आइतबार यहाँ आयोजना गरेको 'नाट्टाको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना' प्रदान कार्यक्रममा नाट्टाका नवनिर्वाचित अध्यक्ष भरतजङ्ग पाण्डेले पर्यटन क्षेत्रको विकास र साझा समस्या समाधानका लागि सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

उहाँले टिवान नाट्टाको एक अभिन्न अङ्ग भएकाले टिवान र नाट्टाको समस्या एउटै भएको बताउनुभयो । "टिबान छुट्टै संस्था नभई हाम्रो आफ्नै परिवार हो । पर्यटन क्षेत्रका हरेक एजेन्डामा हामी एक भएर अगाडि बढ्नेछौँ," उहाँले भन्नुभयो ।

टिवानका संस्थापक अध्यक्ष श्रीकान्त आचार्यले पर्यटक बस र पर्यटन उद्योगमा धेरै समस्या भएकाले यस समस्या समाधानमा वर्तमान कार्यसमिति लाग्ने विश्वास व्यक्त गर्नुभयो ।

नाट्टाका महासचिव राजकुमार देवकोटाले पर्यटक बसपार्कको समस्या टिवानको समस्यामात्र नभएर सारा पर्यटन क्षेत्रको समस्या भएकाले यसको समाधानका लागि नाट्टाले प्रतिबद्ध भएर काम गर्ने बताउनुभयो ।

टिवानका अध्यक्ष भीष्मप्रसाद न्यौपानेले पर्यटक बसपार्क नहुँदा पर्यटक बस व्यवसायीले ठूलो समस्या भोग्नुपरेको भन्दै यसको समाधानका लागि नाट्टासँग सहकार्य गरिने बताउनुभयो ।

पर्यटक बस व्यवसायीको हकहितको अधिकारको रक्षाका लागि स्थापना भएको टिवानले हाल अस्थायी बसपार्कको रूपमा सोह्रखुट्टे सडक प्रयोग गर्दै आइरहेको छ । टिवानले हाल दैनिक १०० पर्यटकीय बसमार्फत नेपालको प्रमुख पर्यटकीय गन्तव्य पोखरा, चितवनको सौराह, लुम्बिनी, जनकपुरलगायत क्षेत्रमा सेवा प्रदान गर्दै आइरहेको टिवानका महासचिव प्रकाशचन्द्र अधिकारीले जानकारी दिनुभयो । रासस

# 'लुम्बिनी प्रदेशको पर्यटन अर्थतन्त्रको मेरुदण्ड'



बाँके । यहाँका पर्यटकीय सम्भावना बोकेका क्षेत्रको प्रवर्द्धनका लागि धार्मिक तथा सांस्कृतिक गन्तव्यको पहिचानलाई पर्यटनसँग जोडेर विकास गर्न आग्रह गरिएको छ । नेपाल एशोसियसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) बाँके च्याप्टरको आज नेपालगन्जमा भएको चौथो वार्षिक साधारणसभामा सहभागीद्वारा यहाँका धार्मिक पर्यटकीय गन्तव्यलाई प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको हो ।

कार्यक्रममा सरोकार भएका निकायका प्रतिनिधिले नेपालगन्जको शक्तिपिठ बागेश्वरी मन्दिरसँग जोडेर, बाबा बर्फानी धाम, सन्तानेश्वर मन्दिर, गोवर्द्धन धाम, भुवर भवानीलगायत धार्मिकस्थललाई धार्मिक सर्किटका रूपमा विकास गर्न जोड दिएका छन् । सो अवसरमा लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रत्नबहादुर खत्रीले मानसरोवर तथा रारा तालको यात्रा गर्ने मूल मार्ग नेपालगन्ज भएकाले भारतीय पर्यटकलाई नेपाल भित्र्याएर लाभ लिन सकिने बताउनुभयो ।

उहाँले धार्मिक पर्यटकलाई आकर्षित गर्नसक्ने गन्तव्य तथा प्राचीनस्थल लुम्बिनी प्रदेशमा रहेका उल्लेख गर्दै खत्रीले यसबाहेक बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज पनि लुम्बिनीमा पर्ने भएकाले प्रदेशको पर्यटन अर्थतन्त्रको मेरुदण्ड भएको धारणा राख्नुभयो । "हामीले हाम्रा नीति, कार्यक्रम र बजेटको मापन गर्ने एउटा आधार पर्यटन क्षेत्र हो भनेर प्राथमिकतमा राखेका छौँ", उहाँले भन्नुभयो । पर्यटन प्रवर्द्धनका लागि सहकार्य गर्न लुम्बिनी प्रदेश सरकार तयार रहेको उल्लेख गर्दै मन्त्री खत्रीले पर्यटकीय गन्तव्यको खोजी गर्न प्रदेश सरकार निजी क्षेत्रसँग हातेमालो गर्न तयार रहेको बताउनुभयो ।

नाट्टा बाँके च्याप्टरका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले पर्यटनमा जिल्लाको परिचय सकारात्मक रूपमा स्थापित भएको उल्लेख गर्दै साझा प्रयत्नबाट पर्यटन प्रवर्द्धन गर्दै आर्थिक गतिविधि चदायमान बनाउन सकिने धारणा व्यक्त गर्नुभयो ।

च्याप्टरका अध्यक्ष डिल्लीराज रेग्मीले पर्यटक आकर्षित गर्ने गन्तव्य, सहज पहुँच र गुणस्तरीय सुविधा र भरपर्दो सहायक सेवा निर्माण गर्न पर्यटनलाई स्थानीय समुदायको आय, आर्थिक समृद्धिसँग जोड्न आवश्यक भएको बताउनुभयो । उहाँले भारतको रुपैडिहा सीमासम्म पर्यटकका लागि ग्रीन लाइन र स्मार्ट बोर्डर प्रणालीको व्यवस्था गर्नमा जोड दिँदै नेपालगन्ज पोखरा सिधा हवाई उडानलाई प्रभावकारी र निन्तरताका लागि च्याप्टरले पहल गर्ने उल्लेख गर्नुभयो ।

सो अवसरमा बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी पूर्ण खत्री, च्याप्टरका उपाध्यक्ष भवि शर्मा न्यौपानेलगायतले पर्यटन क्षेत्रका विकास यस क्षेत्रका लागि अपरिहार्य भएको बताउनुभयो । उक्त अवसरमा च्याप्टरका संस्थापक अध्यक्ष श्रीराम सिग्देललगायत पर्यटन व्यवसायीलाई सम्मानित गरिएको थियो । रासस

# वैदेशिक रोजगारीबाट फर्केका युवा सुकुटी व्यवसायमा आकर्षित

मोरङ । कुनै समय रोजगारीका लागि कतार र मलेसियामा पसिना बगाएका लक्ष्मीमार्गका युवाले अहिले आफ्नै गाउँमा व्यावसायिक सफलता पाइरहनुभएको छ । वैदेशिक रोजगारीको लोभलाग्दो कमाइ छाडेर स्वदेश फर्किएका उहाँहरूले सुरु गरेको राँगाको सुकुटी व्यवसायले अहिले लक्ष्मीमार्गको पहिचान नै बदलेर 'सुकुटी बजार' बनाइदिएको छ ।

कतारमा छ वर्ष बिताएर फर्केका प्रेम श्रेष्ठ र मलेसियामा अरु युवा पनि यस व्यवसायमा लागिरेका छन् । "विदेशको कडा मेहनत र परिवारबाट टाढा हुनुको पीडाभन्दा आफ्नै घरमा परिवारसँगै बसेर गरेको यो व्यवसायले धेरै सन्तुष्टि दिएको छ", वैदेशिक रोजगारीबाट फर्केर ११ वर्षदेखि यही पेसामा जमेका शोभितमान श्रेष्ठ बताउनुहुन्छ ।

पूर्वी-पश्चिम राजमार्ग भएर यात्रा गर्ने यात्रुहरूका लागि लक्ष्मीमार्ग अहिले सुकुटीको स्वाद लिने मुख्य थलो बनेको विराटनगर निवासी



आठ वर्ष श्रम गरेका दिलीप श्रेष्ठ यस्तै उदाहरण हुन् । सुरुआती दिनमा महिनामा २०-३० किलो सुकुटी बेच्न धौ-धौ हुने प्रेमको पसलबाट अहिले मासिक सयौ किलो सुकुटी बिक्री हुन्छ । प्रतिकिलो रु दुई हजार ७०० मा बिक्री हुने सुकुटीबाट उहाँले मासिक रु दुई लाखसम्म आम्दानी गरिरहेको प्रेमले बताउनुभयो ।

राँगाको आलो मासु बेलबारी, हरैचालगायत स्थानीय बजारमा प्रतिकिलो रु ७०० मा किनेर सुकुटी बनाउने गरेको उहाँले बताउनुभयो । प्रेमका अनुसार आलो मासुको बढीमा एक चौथाइसम्म सुकुटी बन्नेगरेको बताउनुहुन्छ ।

प्रेम र दिलीप मात्र होइन, सेन्जम फुयाल बताउनुहुन्छ । स्वदेशी बजारमा मात्र होइन, यहाँको सुकुटीको माग अहिले बेलायत र अमेरिकामा रहेका नेपालीसम्म पुगेको सुकुटी व्यवसायी दिलीप श्रेष्ठले बताउनुभयो । कोसेलीका रूपमा अन्तरराष्ट्रिय बजारबाट उच्च माग आए पनि परम्परागत निर्माण शैली र जनशक्तिको अभावका कारण मागअनुसार पुर्‍याउन धौ-धौ परिरहेको व्यवसायीहरू बताउनुहुन्छ ।

विदेशमा बगाउने पसिना र समय आफ्नै माटोमा खन्याउने हो भने स्थानीय परिकारलाई पनि सफल व्यवसाय र अन्तरराष्ट्रिय ब्रान्ड बनाउन सकिन्छ भन्ने विश्वास रहेको प्रेम श्रेष्ठले बताउनुभयो । रासस

# चेम्बर र एनआरएनएबीच लगानी र व्यापार प्रवर्द्धन गर्ने साझेदारी



काठमाण्डु । नेपाल चेम्बर अफ कमर्स (एनसीसी) र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए), नेपालबीच देशमा लगानी प्रवर्द्धन, व्यापार तथा व्यवसाय विस्तार र आर्थिक सहकार्य गरेर अघि बढ्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ । एनसीसी अध्यक्ष कमलेश अग्रवाल एनआरएनए अध्यक्ष डा हेमराज शर्माबीच आइतबार काठमाण्डुमा आयोजित एक कार्यक्रमबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

दुवैपक्षबीच भएको समझदारीपत्रमा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन गर्ने, व्यापार, उद्योग तथा उद्यमशीलताको विकासलाई सहजीकरण गर्ने समावेश गरिएको छ । एनसीसीका अध्यक्ष अग्रवालले दुवै पक्षबीच भएको समझदारीले नेपालमा गैरआवासीय नेपालीले प्रत्यक्ष वैदेशिक लगानी भित्राउनको लागि मार्गप्रशस्त गर्ने बताउनुभयो ।

"हामी दुवै पक्षबीच भएको समझदारीले नेपालमा स्वदेशी तथा गैरआवासीय नेपाली व्यावसायिक समुदायउबीच सहकार्य सुदृढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेका छौँ", उहाँले भन्नुभयो, "दुवै पक्षबीच ज्ञान हस्तान्तरण, नवप्रवर्तन तथा प्रविधि आदानप्रदान गर्नका लागि मार्गप्रशस्त गर्नेछ ।"

एनआरएनएका अध्यक्ष डा शर्माले नेपालका विभिन्न कानुनी जटिलताको कारणले वैदेशिक लगानी भित्राउनको लागि समस्या भइरहेको गुनासो गर्नुभयो । "दुवैबीच भएको समझदारीपत्रले पक्कै पनि व्यापार प्रवर्द्धन र देशमा प्रत्यक्ष लगानी भित्राउनको लागि नीतिगत रूपमा सहज वातावरण बनाउन आवश्यक छ ।"

दुवैपक्षबीच भएको समझदारीमा एनसीसी र एनआरएनएले संयुक्त रूपमा लगानी सम्मेलन, रोड-शो, व्यापारिक शिखर सम्मेलन तथा व्यावसायिक कार्यक्रम आयोजना गर्नेछन् । त्यस्ता कार्यक्रममार्फत विदेशी तथा गैरआवासीय नेपाली लगानीकर्ता र नेपालका स्थानीय व्यवसायीबीच प्रत्यक्ष सम्पर्क तथा व्यावसायिक साझेदारीको अवसर सिर्जना गरिनेछ ।

त्यसैगरी निर्यातमुखी उद्योगको प्रवर्द्धन, साना तथा मझौला उद्यम (एसएमई) र स्टार्टअपलाई सहयोग तथा संयुक्त पहल सञ्चालन गर्ने विषयमा पनि सहकार्य गर्ने उल्लेख गरिएको छ । क्षमता अभिवृद्धिका लागि तालिम, कार्यशाला तथा सेमिनार आयोजना गर्नुका साथै दुवै पक्षले आफ्नो अनुभव, विशेषज्ञता र उत्कृष्ट अभ्यास आदानप्रदान गर्ने सहमति गरेका छन् ।

व्यावसायिक वातावरण सुधारका लागि आवश्यक नीतिगत सुधारको सिफारिस गर्न तथा सरकार र सम्बन्धित सरोकारवालासँग संवाद र समन्वय गर्न पनि दुवै संस्थाले सहकार्य गर्ने समझदारीपत्रमा उल्लेख गरिएको छ ।

अध्यक्ष अग्रवालले आर्थिक नीति र कानुनी संरचनामा स्थिरता तथा स्पष्टता नभएसम्म स्वदेशी र विदेशी लगानीकर्ता पूर्ण भित्राउन नसकिने बताउनुभयो । "आजको समझदारीपत्र केवल कागजमा सीमित हुनु हुँदैन," उहाँले भन्नुभयो, "यसलाई व्यवहारमा उतार्दै लगानी, व्यापार, रोजगारी र आर्थिक रूपान्तरणका क्षेत्रमा ठोस परिणाम दिनुपर्छ ।"

अध्यक्ष शर्माले विश्वभर छरिएर रहेका नेपालीको सीप, ज्ञान, अनुभव र पूँजीलाई नेपालको विकाससँग जोड्ने अभियानलाई प्राथमिकताका साथ अघि बढाइने बताउनुभयो ।

उहाँले लएनआरएनए केवल विदेशमा बस्नेको संस्था मात्र नभई विश्वका विभिन्न मुलुकमा रहेका नेपालीलाई एकीकृत गर्दै नेपालको आर्थिक, सामाजिक तथा लगानी विकासमा योगदान पुर्‍याउने साझा मञ्चको रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# म्याग्दीमा चार किलोमिटर पदमार्ग निर्माण

म्याग्दी । एकिकृत सेवा कार्यालय म्याग्दीमार्फत आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भएका योजनाअन्तर्गत चार दशमलव १९ किलोमिटर पदमार्ग निर्माण भएको छ ।

गत वर्ष कार्यालयले सञ्चालन गरेका पर्यटन पूर्वाधार निर्माणसम्बन्धी २४ वटा योजनाका लागि रु एक करोड ४० लाख बजेट विनियोजन भएकामा रु एक करोड १० लाख बजेटका १९ वटा योजना सम्पन्न भएका हुन् ।

योजनामार्फत पर्यटकीयस्थलमा पक्की र कच्ची पदमार्ग, विश्रामस्थल, आश्रयस्थल, पर्खाललगायत पूर्वाधार निर्माण भएको कार्यालयका प्रमुख सम्झेर घर्ती क्षेत्रीले जानकारी दिनुभयो । "सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका हुन्", उहाँले भन्नुभयो, "प्रतिकूल भूगोल, मौसम र अन्य कारणले रु ३० लाख बजेटका पाँच वटा योजना कार्यान्वयन भएनन् ।" पर्यटकीय पूर्वाधार बनेपछि पर्यटक, स्थानीयवासी र पर्यटक मजदुरलाई आवतजावतमा सहज भएको छ । मालिका गाउँपालिका-७ बिमको डाडागाउँमा ५२० मिटर पक्की पदमार्ग र धार्मिक स्थल प्रभुचेलामा तीन कोठे आश्रयस्थल भवन निर्माण भएको छ । मालिका-४ मा गौखेरेबाट मतौका चनौटे र वडा नम्बर ३ को लामखोरिया डाडागाउँ जोड्ने पदमार्ग निर्माण भएको छ ।

बेनी नगरपालिका-९ मा ढाडापधेरा आरोटा, पाखाथर, ८ को बराहपाखोमा पदमार्ग र १ को सनातन धार्मिक आश्रम र २ को लभ्लीहिलमा घेराबार निर्माण भएको छ । मङ्गला गाउँपालिका-४ को गम्फाधुरी र धवलागिरी गाउँपालिका-४ को खिवाङ-चेचुङ पदमार्ग निर्माण भएको छ ।

रघुङ्गा गाउँपालिका-३ गलेश्वर देखि बगैचा, ५ र ६ को फुलडाडामा पदमार्ग तथा ३ को गायत्री मन्दिरमा सत्तल निर्माण भएको छ । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ झरना, ७ को टिकोटबाट सोबन्ध, १ मारका, ६ चित्रे हुँदै घान्द्रुक देउराली र ३ को फगाम-सुवा-दुवारी-मतिचौर जोड्ने पदमार्ग निर्माण भएको छ ।रासस


## क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**जिल्ला धनुषा मिथिला नगरपालिका वार्ड नं. ६ मा स्थापना भई संचालन हुने श्री राधा माधव भेनियर उधोगको वातावरणीय प्रभाव मूल्यात्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशन मिति २०८३/०५/०८)

मधेश प्रदेश धनुषा जिल्ला मिथिला नगरपालिका वार्ड नं. ६, को श्री राधा माधव भेनियर उधोगद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- श्री राधा माधव भेनियर उद्योग<br>ठेगानाः- मिथिला नगरपालिका वार्ड नं. ६, धनुषा<br>सम्पर्क नंः- ९७४३५७८७८०<br>इमेल :- shreeradheveneer@gmail.com |
| प्रस्तावको ब्यहोरा : | मिथिला नगरपालिका वार्ड नं. ६, को किता नं. २७, २५, १४ र १६ को क्षेत्रफल ०-६-११-०, ०-१७-८-०, ०-४-९ र १-३-१९-० भएको जग्गा र सो मा निर्माण भई संचालन हुने श्री राधा माधव भेनियर उधोगको लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | मिथिला नगरपालिका, वार्ड नं. ६, धनुषा |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | मिथिला नगरपालिका<br>६ नं. वडाको कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- श्री राधा माधव भेनियर उद्योग<br>ठेगानाः- मिथिला नगरपालिका वार्ड नं. ६, धनुषा<br>सम्पर्क नंः- ९७४३५७८७८०<br>इमेल :- shreeradheveneer@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा ।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |



## हंसपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बघचौड़ा, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०५।०८**

यस नगरपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# वर्तमान सरकारबाटै संघीयतामाथि खतरा : नेता निधि



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान सरकारद्वारा संघीय व्यवस्थामाथि खतरा रहेको बताएका छन् ।

नेपाली कांग्रेसको १५ औं महाधिवेशनका लागि आइतवार आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता निधिले वर्तमान सरकारका पदाधिकारीहरु जुन व्यवस्थाबाट जितेर सत्तामा पुगेका छन् । ती व्यवस्थालाई नै समाप्त पार्ने खेलमा लागेका छन् । प्रधानमन्त्री तथा मन्त्रीहरु आबद्ध राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो महाधिवेशनबाट प्रदेश खारेज र स्थानीय निकाय समाप्त पार्ने प्रस्ताव पारित गरेका छन् ।

उनले भने देशको संघीय प्रणाली संघीयता, लोकतन्त्र र संविधानमाथि वर्तमान सरकार र तिनका पार्टीबाट नै खतरा छ । यसलाई बचाउन हामी लोकतन्त्र तथा संघीयतावादी पार्टी नेपाली कांग्रेसका साथीहरु लाग्नुपर्ने आवश्यकता रहेको छ ।


नेता निधिले संसारकै सबैभन्दा उत्कृष्ट संविधान र संघीयता, लोकतन्त्र तथा गणतन्त्रसहित संघीय प्रणाली हाम्रो देशको रहेको छ । योभन्दा उत्कृष्ट र सुन्दर व्यवस्था संसारकै कुनै देशमा छैन । यसको सफल कार्यान्वयन र प्रणाली व्यवस्थापन आवश्यक छ ।

समस्या आएभने व्यवस्था फालिदिने यो कुन राजनीति हो । यो भन्दा उत्कृष्ट व्यवस्था अब के हुन्छ । जहाँ संघीयता, लोकतन्त्र र गणतन्त्र तीनवटै व्यवस्था छ । हाम्रो संघीय व्यवस्थाको सबभन्दा राम्रो पक्ष के हो भने तीन तहको सरकारको व्यवस्था नेपाल बाहेक संसारको अरु कुनै व्यवस्था छैन । समयानुकुल संविधानलाई संशोधन र परिमार्जन सकिन्छ । तर समस्या आएमा व्यवस्था फालिदिने यो राम्रो होइन, हामीले यसलाई बचाउनेतर्फ लाग्नुपर्छ भन्ने कुरामा जोड दिए ।

नेता निधिले थप्दै भने वर्तमान संघीय प्रणालीलाई बचाउन वैचारिक स्पष्टता, प्रतिबद्धता र सक्रियता आवश्यक छ । यी तीनवटै कुरा भएमात्रै संविधान र संघीय प्रणालीको सफल कार्यान्वयन हुन सक्छ । त्यसैले हामी कांग्रेसी नेता कार्यकर्ताहरुलाई यी तिनवटै कुरामा लागेर काम गर्न आवश्यक छ । नत्र संघीयतामाथि रहेको खतरासँग लड्न सक्दैनौ ।

# क्षयरोगीको उपचार निःशुल्क भएपनि थप आर्थिक बोझ

**बिरामीको घरनजिकै आवश्यक सबै सेवा उपलब्ध नहुँदा नियमित परीक्षण वा विशेषज्ञ उपचारका लागि अर्को सहर पुग्नुपर्ने बाध्यता हुन सक्छ । लामो दूरीको यात्रासँगै बिरामी र कुरुवाको खाना तथा आवास खर्च थपिँदा सरकारी रूपमा निःशुल्क भनिएको उपचारको वास्तविक लागत परिवारका लागि उच्च बन्ने गरेको छ ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । क्षयरोगको औषधि र आधारभूत उपचार सरकारले निःशुल्क उपलब्ध गराउँदै आएपनि दैनिक रुपमा स्वास्थ्य संस्थामा पुगेर औषधि लिनुपर्ने र खानपानका लागि चाहिने खर्चले प्रभावित रोगीहरु थप आर्थिक संकट खेप्दै आएका छन् ।

उपचारका लागि टाढाको स्वास्थ्य संस्था पुग्नुपर्ने, थप परीक्षण गराउनुपर्ने, खाना-आवासको खर्च बेहोर्नुपर्ने तथा बिरामी वा हेरचाहकर्ताको आम्दानी गुम्ने अवस्थाले क्षयरोगको उपचार परिवारका लागि महँगो साबित हुने गरेको छ ।

हालै सार्वजनिक अध्ययनले नेपालमा क्षयरोग प्रभावित ५१ प्रतिशत परिवारले उपचारका क्रममा ठूलो आर्थिक भार बेहोर्नुपरेको देखाएको छ । औषधि प्रतिरोधी क्षयरोग (ड्रग रेसिस्टेन्ट टीबी) भएका परिवारमा यो समस्या झन् गम्भीर छ । त्यस्ता परिवारमध्ये करिब ७५ प्रतिशतले आर्थिक कठिनाइ सामना गरेको अध्ययनको निष्कर्ष छ ।

मधेश प्रदेशमा स्वास्थ्य सेवाको पहुँच असमान रहेको र जटिल उपचार तथा परीक्षणका लागि जनकपुरधामसहित प्रदेश बाहिरका ठूला स्वास्थ्य संस्थामा समेत जानुपर्ने अवस्थाले आर्थिक भार थप बढाउन सक्ने देखिन्छ । विशेषगरी ग्रामीण तथा विपन्न परिवारका बिरामीलाई नियमित उपचारसँगै यातायात, खाना र बसोबासको खर्च व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुने गरेको छ ।

सरकारले क्षयरोगका बिरामीलाई औषधिसँगै खकार परीक्षण र छातीको एक्स-रे सेवा निःशुल्क उपलब्ध गराउँदै आएको छ । तर, बिरामीको अवस्था हेरेर आवश्यक पर्ने सिटी स्क्यान, एमआरआई तथा विभिन्न प्रयोगशाला परीक्षणमा आफैंले खर्च गर्नुपर्ने हुन सक्छ । फोक्सोबाहेक शरीरका अन्य अंगमा क्षयरोग देखिएका बिरामीलाई थप जटिल परीक्षण आवश्यक पर्ने भएकाले उनीहरूको उपचार खर्च अझ बढ्ने अध्ययनले देखाएको छ ।

राष्ट्रिय क्षयरोग कार्यक्रममा दर्ता भएका एक हजार बिरामीलाई समेटेर गरिएको अध्ययनअनुसार क्षयरोग उपचारमा हुने कुल खर्चमध्ये ४४ प्रतिशत उपचारबाहेकका प्रत्यक्ष खर्चमा जाने गरेको छ । यातायात, खाना, आवास र पोषणमा हुने खर्च यसअन्तर्गत पर्छ ।

त्यस्तै, उपचारका क्रममा बिरामी वा उनीहरूको हेरचाहमा संलग्न व्यक्तिले काम गर्न नसक्दा हुने आम्दानी गुमाइबाट उत्पन्न अप्रत्यक्ष खर्चले कुल खर्चको ३९ प्रतिशत हिस्सा ओगटेको छ । यसले नियमित आम्दानीमा निर्भर मधेशका निम्न तथा मध्यम आय भएका परिवारलाई उपचार अवधिभर थप आर्थिक दबाबमा पार्न सक्ने देखिन्छ ।

अध्ययनअनुसार क्षयरोगकै कारण नेपालमा १३ प्रतिशत परिवार गरिबीको रेखामुनि पुगेका छन् । औषधि प्रतिरोधी क्षयरोग भएका परिवारमा यस्तो जोखिम ३१ प्रतिशतसम्म पुगेको छ ।

उपचार बाहेक खर्च जुटाउन ३५ प्रतिशत बिरामीले ऋण लिनुपरेको बताएका छन् । औषधि प्रतिरोधी क्षयरोग भएका बिरामीमध्ये ४२ प्रतिशत र औषधिप्रति संवेदनशील क्षयरोग भएका बिरामीमध्ये ३१ प्रतिशतले उपचारको थप खर्चका लागि ऋण लिएको तथ्यांक छ ।

ऋणले मात्रै खर्च धान्न नसक्ने अवस्थामा परिवारले आफ्नो सम्पत्तिसमेत बेच्नुपर्ने अवस्था देखिएको छ । अध्ययनअनुसार औषधिप्रति संवेदनशील क्षयरोग भएका ५ दशमलव ७ प्रतिशत तथा औषधि प्रतिरोधी क्षयरोग भएका ७ दशमलव ७ प्रतिशत बिरामीका परिवारले जग्गा, पशुधन वा सुनका गहनाजस्ता सम्पत्ति बिक्री गरेका छन् ।

## मधेशका लागि दोहोरो चुनौती

क्षयरोग नियन्त्रणमा मधेश प्रदेशका लागि आर्थिक भारसँगै उपचारको पहुँच पनि प्रमुख चुनौती बन्न सक्छ । बिरामीको घरनजिकै आवश्यक सबै सेवा उपलब्ध नहुँदा नियमित परीक्षण वा विशेषज्ञ उपचारका लागि अर्को सहर पुग्नुपर्ने बाध्यता हुन सक्छ । लामो दूरीको यात्रासँगै बिरामी र कुरुवाको खाना तथा आवास खर्च थपिँदा सरकारी रूपमा निःशुल्क भनिएको उपचारको वास्तविक लागत परिवारका लागि उच्च बन्ने गरेको छ ।

विशेषगरी दैनिक ज्यालादारी, कृषि तथा अनौपचारिक क्षेत्रमा निर्भर परिवारमा बिरामी उपचारमा रहँदा आम्दानी रोकिने भएकाले उपचारको आर्थिक प्रभाव अझ गहिरो हुन सक्छ । यस्तो अवस्थामा ऋण लिने, सम्पत्ति बेच्ने वा उपचारमा ढिलाइ गर्ने जोखिमसमेत बढ्न सक्छ ।

नेपालमा क्षयरोगको अवस्था पनि चुनौतीपूर्ण छ । विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार सन् २०२४ मा नेपालमा करिब ६७ हजार जनामा क्षयरोग संक्रमण रहेको थियो । यो प्रतिएक लाख जनसंख्यामा २२७ जनाको बराबर हो । सोही वर्ष क्षयरोगका कारण करिब १६ हजार जनाको मृत्यु भएको अनुमान गरिएको छ ।

तर अनुमानित संक्रमितमध्ये ३८ हजार ६ सय ६ जना मात्रै पहिचान भएर उपचारमा आएका थिए । यसले ठूलो संख्यामा संक्रमित व्यक्ति अझै पहिचान र उपचारको पहुँचबाहिर रहेको देखाउँछ । मधेशमा समुदायस्तरमा समयमै पहिचान, नियमित उपचारमा निरन्तरता र स्वास्थ्य सेवामा सहज पहुँच विस्तार गर्न नसकिए क्षयरोग नियन्त्रणको लक्ष्य हासिल गर्न कठिन हुने देखिन्छ ।

नेपालले सन् २०३५ सम्म क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ । तर, सन् २०१८-१९ मा गरिएको राष्ट्रिय क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणले नेपालमा करिब एक लाख १७ हजार जनामा क्षयरोग रहेको देखाएको थियो ।

त्यसैले क्षयरोग नियन्त्रणलाई केवल निःशुल्क औषधि वितरणमा सीमित नगरी बिरामीको यातायात, पोषण, आवास, आवश्यक परीक्षण तथा उपचार अवधिमा गुम्ने आम्दानीको आर्थिक प्रभावसमेत सम्बोधन गर्नुपर्ने देखिन्छ ।

# विद्युत आपूर्ति समस्याको विरोधमा सडक अवरुद्ध



**टुडे समाचारदाता**

जनकपुरधाम । विद्युत् आपूर्तिमा देखिएको समस्याको विरोधमा जनकपुरधाम उपमहानगरपालिका-१६कपिलेश्वरका स्थानीयवासीले आइतबार हुलाकी राजमार्ग अवरुद्ध गरेका छन् ।

नेपाल विद्युत् प्राधिकरण जनकपुरधाम वितरण केन्द्रले कपिलेश्वरमा लामो समयदेखि सिटी फिडरमार्फत हुँदै आएको विद्युत् आपूर्तिलाई केही दिनयता ग्रामीण फिडरमा जोडेको स्थानीयको आरोप छ ।

फिडर परिवर्तन गरिएपछि भोल्टेज कम हुने, पटक-पटक विद्युत् अवरुद्ध हुने र पछिल्लो समय लामो समयसम्म विद्युत् नआउने समस्या देखिएको उनीहरूको भनाइ छ । स्थानीयका अनुसार शनिबारदेखि विद्युत् आपूर्ति ठप्प हुँदा करिब ४० डिग्री तापक्रममा घरभित्र बस्न तथा राति सुत्नसमेत समस्या भएको छ ।

विद्युत् नहुँदा घरायसी प्रयोजनका लागि पानी तान्न नसक्दा शौचालयमा समेत पानीको समस्या भएको र इन्भर्टर तथा मोबाइल फोन चार्ज गर्न नपाएको स्थानीयले बताएका छन् ।

विद्युत् समस्या तत्काल समाधान गर्न माग गर्दै स्थानीयवासीले सडकमा प्रदर्शनसहित हुलाकी राजमार्ग अवरुद्ध गरेका हुन् । सडक अवरुद्ध भएपछि हुलाकी राजमार्गमा आवतजावतसमेत प्रभावित भएको छ ।

आन्दोलनमा सहभागी स्थानीयले कपिलेश्वर क्षेत्रमा पुनः सिटी फिडरबाट विद्युत् आपूर्ति सुचारु नगरेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । उनीहरूले अत्यधिक गर्मीका बेला विद्युत् आपूर्ति बन्द हुँदा जनजीवन प्रभावित भएकाले तत्काल समस्या समाधान गर्न माग गरेका छ्न ।

# करेन्ट लागेर एकको मृत्यु


**टुडे समाचारदाता**

लहान । करेन्ट लागेर सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-५ खुरुक्याही टोलमा एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय मो. मियाका छोरा अन्दाजी ४५ वर्षीय मो. इसा अंसारी रहेको जनाइएको छ ।

प्रहरीका अनुसार आइतवार दिउँसो करिब १:४५ बजे घरदेखि करिब एक मिनेट पूर्व रहेको आफ्नै खेतमा पानी तान्ने मोटरको तार मिलाउने क्रममा उनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर भएका अंसारीको घटनास्थलमै मृत्यु भएको बताइएको छ ।

प्रहरी टोलीले घटनास्थलको मुचुल्का लगायतका प्रारम्भिक कानुनी प्रक्रिया पूरा गरी घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यलय सिरहाका प्रवक्ता एवं डीएसपी रमेश बहादुर पालले बताए ।

# श्रीमति हत्याका फरार आरोपित पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्नै श्रीमतिको हत्या गरेर फरार रहेको आरोपमा धनुषा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पक्राउ पर्नेमा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका-४ का ३५ वर्षीय सञ्जयकुमार यादव रहेको छ ।

आफ्नो श्रीमति रुबी शर्माको २०८० साउन १५ गतेका दिन घरमै ढुँगा प्रहार गरी हत्या गरेको यादवमाथि आरोप रहेको छ । घटनापछि फरार रहेका यादवलाई उच्च अदालत जनकपुरधामले २०८३ जेठ २२ गते ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवानाको फैसला गरेको थियो ।

अदालतको फैसला कार्यान्वयनका लागि फरार प्रतिवादीको खोजी गर्ने क्रममा जिप्रका धनुषाबाट खटिएको टोलीले यादवलाई लक्ष्मीनियाँ गाउँपालिका-४ स्थित खसी बजारबाट पक्राउ गरेको हो । पक्राउपछि यादवलाई नियन्त्रणमा राखेको छ । भोली सोमवार अदालत खुलेपछि उनलाई अदालतमा उपस्थित गराई फैसला कार्यान्वयन गर्ने प्रक्रिया अघि बढाइने जिप्रका धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले बताएका छन् ।

**कर तिर्ने संस्कृतिको विकास गरौं**

- कानूनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रुपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजश्व राष्ट्को विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागी बनौं ।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८